# इन्सेक अभियान

वर्ष ४, अंक ५, पूर्णाङ्क ३७, कार्तिक २०५५

## इन्सेक विविध गतिविधि



# नेपालमा पहिलो महिला शहीद स्मृति ......

# नेपालको पहिलो महिला शहीद स्मृति पार्कको उद्घाटन



यही ०५५ कार्तिक २३ गते संविधान दिवसको अवसर पारेर नेपालको पहिलो महिला शहीदस्मृति पार्कको उद्घाटन तथा शहीदहरूको शालिकको धनुषा जिल्लाको यदुकुहामा अनावरण गरियो। ०४६ सालको जनआन्दोलनको सुरूकै चरण अर्थात फागुण ९ गते प्रहरीको गोलीबाट मारिएका ३ जना महिला शहीद जानकी देवी यादव, सोनावती देवी यादव, मुनेश्वरी यादव एक जना पुरूष रामनारायण यादव र एक जना वालक उदयशंकर मण्डलको प्रतिमा मूर्तिकार धर्मराज शाक्यद्वारा तयार पारिएको थियो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) को पहलमा निर्माण सुरू गरिएकोमा गाविसले जग्गा एवं वर्तमान सांसदहरू श्रीमती लिला कोइराला र रामचद्र झा, विमलेन्द्र निधी एवं भूपू सांसद डा. राम वरण यादव र शिवधारी प्रसाद यादवको सकृय सहयोगमा र नेपाली कांग्रेसका तर्फबाट विजयी गाविस अध्यक्ष (श्री नारायण मण्डल) को प्रत्यक्ष संलग्नतामा प्रतिमा प्रतिस्थापनको कार्य सम्पन्न भएको थियो।

जनआन्दोलनका दुई सहयात्री नेपाली कांग्रेस एवं नेकपा (एमाले) का नेताद्वय श्री कृष्ण प्रसाद भट्टराई र मनमोहन अधिकारीद्वारा जनआन्दोलनको संझना स्वरूप संयुक्त रूपमा प्रतिमा अनावरण गराउने इन्सेकको प्रयास आंशिक मात्र पुरा भयो। विशेष कारणवश् कृष्ण प्रसाद भट्टराईले अन्तिम समयमा गएर कार्यक्रम रद्द गर्नुभयो। वहाँले समारोहमा पठाउनु भएको सन्देशमा- इन्सेक जस्तो मानवअधिकारको लागि संघर्षरत् संस्थाले ०४६ सालको जनआन्दोलनको क्रममा शहीद भएका व्यक्तिहरूलाई सम्मान गर्नुले हामी सबै गौरवान्वित भएका छौं। त्यसमा पनि, महिला शहीदहरूको प्रतिमा निर्माणले यो देशको समस्त महिला एवं सबै प्रजातन्त्रप्रेमीहरूलाई गौरवान्वित पारेको छ। सन्देशमा अगाडि भनिएको छ- ०४६ सालको जनआन्दोलनमा देशका ग्रामीण समुदाय र महिलाहरूको कत्रो भूमिका थियो भन्ने कुरा यो शालिक स्वयंले चिरकाल पर्यन्त बताइरहने छ।

पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीले उद्घाटन तथा अनावरण समारोहलाई सम्बोधन गर्नुहुँदै आफू प्रजातन्त्रको रक्षाको लागि जस्तोसुकै त्याग गर्न तयार रहेको बताउँदै हामीले सत्ताको लोभमा धेरै गल्ती गर्‍यौं। अब प्रजातन्त्रको लागि मिलेर काम गरौं, म र मेरो दल यसको लागि तयार छ भन्नुभयो। उहाँले जनतालाई विकास चाहिएको छ तर राजनीतिक पार्टीहरू सत्ता प्राप्तीको खेलमा व्यस्त रहेकोले प्रजातन्त्र प्राप्तीको मर्म अल्मलिन पुगेको अनुभव प्रजातान्त्रिक आन्दोलनको एउटा कार्यकर्ताको रूपमा आफूले गरेको बताउनु भयो। उहाँले जनतालाई आगामी संसद अहिलेको जस्तो त्रिशंकू नबनाईदिन आग्रह गर्नुभयो। अधिकारीले देशमा प्रजातन्त्रको संरक्षण तथा स्थायित्वका निम्त दुई ठूला शक्ति एमाले र नेपाली कांग्रेस बीच समझदारी कायम भए मात्र विकास कार्य गतिशील हुने राय व्यक्त गर्नुभयो।

२३ गते सम्पन्न गरिएको प्रतिमा अनावरण समारोहमा ठूलो संख्यामा जनताको उपस्थिति रह्यो। १० औं हजार जनता दुई नेता भट्टराई र अधिकारीलाई हेर्न र सुन्न आएका थिए। यद्यपि दुवै नेताको एकै ठाउँमा उपस्थिति रहेन तापनि दुई पार्टीका बीच नेताहरू एउटै जनसभाको मञ्चमा बसेको भने यो २०४७ साल पछिको पहिलो घटना थियो। श्री मनमोहन अधिकारी, श्रीमती लिला कोइराला, डा. रामवरण यादव,

श्री रामचन्द्र झा, घनेन्द्र बस्नेत र गोमा देवकोटाले उक्त अवसरमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो। कांग्रेस-कम्युनिष्ट संगमको उक्त जनसभामा सबै बक्ताहरूले दलको राजनीति भन्दा आफूलाई पृथक राखी बोल्नुभएको थियो। कार्यक्रममा रामवरण यादवले वि. पी. को उपचारको सिलसिलामा योद्धा वि. पी. ले बारम्बार नेपालका एक मात्र कम्युनिष्ट नेता मनमोहन अधिकारीसित सहकार्य गर्नुपर्ने बताएको संस्मरण गर्दै ५२ वर्षको इतिहास बोकेको नेपाली कांग्रेस ५० वर्षको इतिहास बोकेको कम्युनिष्ट पार्टी देशमा प्रजातन्त्रलाई स्थायित्व दिलाउनको लागि आपसमा मिल्नै पर्ने बताउनु भयो। जनसभामा लिला कोइरालाले नेपालमा लामो संघर्ष गर्नुभएका तीनजना नेता गिरिजा-कृष्ण प्रसाद र मनमोहनले सँगै बसी देशको बारेमा चिन्ता गर्नुपर्ने र जनताको आशाको केन्द्र भएर काम गर्नुपर्ने वेला आइसकेको छ भन्नुभयो।

सबै जनताले इन्सेकलाई मानवअधिकारको क्षेत्रमा ज्यादै सक्रिय संस्था भन्दै कामेश्वर-कूशेश्वर जस्ता शहीदको प्रतिमा बनाउन र स्थापना गर्न पनि इन्सेकले पहल गर्नुपर्दछ भन्नुभएको थियो। प्रत्युतरमा इन्सेक महासचिव डा. राजेश गौतमले कामेश्वर-कुशेश्वरको प्रतिमा निर्माणमा इन्सेक सकृय हुने घोषणा गर्नुभयो भने इन्सेक अध्यक्ष सुशील प्याकुरेलले यदुकुहा शहीदहरूको नगरी भएकोमा समस्त जनता नै यदुकुहाप्रति गर्व गर्नुपर्ने बताउँदै सरोज कोइरालादेखि सूर्यनाथ यादवसम्मका व्यक्तित्वको लगानी र कुर्वानी स्थल यदुकुहाको नाम नै शहीदनगर हुनुपर्ने बताउनु भयो। स्मरणीय छ हालसम्म त्यस गाविसका १०० जना कार्यकर्ताले प्रजातन्त्र स्थापना गर्ने क्रममा शहादत प्राप्त गरिसकेका छन्।

पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा अनावरण गरिएको शहीद प्रतिमास्थलमा महिला शहीदहरू जानकी देवी यादव, सोनावती देवी यादव, मुनेश्वरी यादव, बालक उदय शंकर मण्डल र शहीद रामनारायण यादवको आधाकदको प्रतिमा राखिएको छ। गाविस भवन अगाडि निर्माण गरिएको सो प्रतिमास्थलको संरक्षणको लागि गाविस अध्यक्षको अध्यक्षतामा सर्वदलीय एउटा समिति गठन गरिएको छ, जसमा इन्सेक र शहीद परिवारका सदश्यसमेत रहेका छन्। गाविस अध्यक्ष नारायण मण्डलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिवधारी यादव, मदन ढुंगेल र आवद्ध संस्थाकी अध्यक्ष तुलसा दाहालले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो। धनुषाका कार्यक्रम संयोजक नवराज बस्नेतले संचालन गर्नुभएको सो कार्यक्रममा पूर्व प्रधान मन्त्री कृष्ण प्रसाद भट्टराईले पठाउनु भएको शुभकामना सन्देश पढेर सुनाइएको थियो।

# शहीद नगर यदुकुहा

## पृष्ठभूमि

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिलाहरूले पनि आफ्नो जीवन उत्सर्ग गरेका छन्। आफ्नो जीवनको आहुति दिएर वलिवेदीमा होमिएका छन्। यद्यपि अझै उनीहरूको यथोचित सम्मान र कदर हुन सकिरहेको छैन। देश र जनताको समुन्नत भविष्यको निम्ति आत्मवलिदान गर्ने शहीदहरूको आवश्यक सम्मान र कदर गर्नु हामी सबैको कर्तव्य र दायित्व पनि हो। जुन ध्यय र उद्देश्यलाई आत्मसात गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र स्थानीय आवद्ध संस्था समाज उत्थान केन्द्रले महिला शहीदहरूको सम्मान गर्ने लक्ष्य राखी धनुषा जिल्लाको शहीदनगर (यदुकुहा) मा महिला शहीद स्मृति पार्क तथा शालिक निर्माण कार्य समाप्त गरेको छ। जसबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रियतासाथ संलग्न हुने र शहादत प्राप्त गर्नु हुने सम्पूर्ण महिला योद्धाहरूको थोरै मात्र भएपनि सम्मान हुने र आन्दोलनमा सक्रीय रहन अन्य महिलाहरूलाई समेत प्रेरणा मिल्ने छ।

धनुषा जिल्लाको यदुकुहामा ०४६ सालको जन आन्दोलनका क्रममा फागुन ९ गते प्रहरीको गोलीद्वारा जानकी देवी यादव, सोनावती देवी यादव, मुनेश्वरी देवी यादव एवं राम नारायण यादव र उदय शंकर मंडलले शहादत प्राप्त गर्नु भएको थियो। जसले यदुकुहा देशमै सबै भन्दा बढी एकै ठाउँमा महिला शहीद भएको स्थान बन्न पुग्यो भने सोही ठाउँमा इन्सेकको अगुवाईमा नेपालमै पहिलो "महिला शहीद स्मृति पार्क" निर्माण हुन पुगेको छ। यो पार्कमा पाँच जना शहीदहरूको शालिक स्थापना गरिएको छ।

# यदुकुहा एक चिनारी

महेन्द्रराजमार्गको विरेन्द्र बजारबाट २२ कि. मी. दक्षिण ( ग्रावील रोड), जनकपुरबाट पूर्व उत्तर शहीदपथ हुँदै १६ कि. मी. एवं जनकपुर रेल्वे सेवाबाट महिनापुर स्टेशन पछि ७ कि. मी उत्तरतर्फ शहीदनगर यदुकुहा पुगिन्छ। यदुकुहा गाउँ विकास समितिको भवन अगाडि "महिला शहीद स्मृति पार्क" रहेको छ।

यदुकुहा र गोरूकुहा दुई गाउँमा बाँडिएको शहीदनगरको पश्चिमतर्फ ननुपट्टी, दक्षिणतर्फ छठ्ठीपुर-हडवडा उत्तरतर्फ खरीयाना, बालावाखर र पूर्वतर्फ गोरू कोमलपुर गाविस पर्दछ। शहीदनगरको आइतवार र बुधवार लाग्ने बजार (इटिया) मा चारै दिशाका ३४ गाविसका मानिसहरू जुट्ने गर्दछन्।

०४८ सालको जनगणना अनुसार यदुकुहा गाविसको जनसंख्या- ६ हजार रहेको छ भने मतदाता संख्या - ३ हजार पाँच सय रहेको छ। यो गाविसको घरधुरी संख्या १ हजार रहेको छ।

"व्यापारिक केन्द्र" को रूपमा विकसित हुँदै गैरहेको शहीदनगरमा यादव, मन्डल र साहु जातिको बाहुल्यता रहेको छ। अन्य जनजातिहरूमा चमार, दुसाद, खत्वे, तत्मा डोम, करौंरी एवं मुसलमान धर्मावलम्बीहरू बसोवास गर्दछन्। यदुवंशी (यादव) र कुम्हाले (भाँडा बनाउने) हरूको बस्ती भएको कारण यदुकुहा नाम रहेको हुन सक्ने किन्वदन्ती बोकेको यदुकुहा अब शहदीनगरमा परिणत भएको छ। यसै वर्ष धनुषा जिल्ला विकास समिति परिषद्को बैठकले समेत शहीदनगरलाई आधिकारिक रूप दिने निर्णय समेत गरिसकेको छ।

# ०४६ को जनआन्दोलन र शहीदहरू

गाउँ सुनसान थियो तर भित्र भित्रै गाउँमा निरंकुशता विरोधी जनआक्रोस सल्किरहेको थियो। केही, पञ्च, गुप्तचर र प्रतिकार

समितिका मानिस स्थानीय प्रहरी चौकीमा भेला भएका थिए। मध्यान्ह १२ बजेको थियो। ३ वटा जीपमा ४० जना शसस्त्र प्रहरीको टोली जनकपुरबाट यदुकुहा पुग्यो। ०४६ साल फागुन ९ गते जनआन्दोलन शुरू भएको तेस्रो दिन स्थानीय राष्ट्रिय प्राथमिक विद्यालय यदुकुहामा जनताहरू जम्मा भै २ बजे विरोध प्रदर्शन गर्ने तयारी अर्को तर्फ हुँदै थियो।

आन्दोलनकारी नेता शिवधारी यादवलाई तुरून्तै घर छोड्न आन्दोलनकारी जनताको तर्फबाट गोठकुहामा खबर पुग्यो। शिवधारी भूमिगत हुनु भयो। लगत्तै दल-बलसहित प्रहरी शक्ति यादवको घर पुग्यो। जबरजस्ती नै २ जनालाई प्रहरीले पक्राउ गरी बाँधेको थियो। प्रहरी जनता बीच वादविवाद शुरू भयो। क्रमशः ४/५ सय जनताको भिड जम्मा भयो। प्रहरीहरू घेराउमा परे। पहिले पक्रिएका २ जनालाई छोडेर, यादवलाई नपक्रने र आफूलाई चौकीमा फर्कन दिन प्रहरीले बाटो मागे। जनताले उदार हृदयले बाटो छोडिदिए। तर घेराउ भएको ठाउँबाट १०० फिट टाढा पुग्नासाथै प्रहरीले एक्कासी गोली चलाउन शुरू गऱ्यो। अन्धाधुन्द चलाइएको गोलीबाट सख्त घाइते भएका जानकी देवी यादव, सोनावती देवी यादव, मुनेश्वरी देवी यादव र राम नारायण यादवको उपचार गर्न जनकपुर लैजाँदा लैजाँदै बाटोमै मृत्यु भयो। अन्य १५ जनालाई पनि गोली लाग्यो। घटनालाई स्मरण गर्दै शिवधारी यादव भन्नु हुन्छ "जनताको उदारताले गर्दा प्रहरीले जनतामाथि नै गोली हान्ने मौका पायो, यदि जनताले चाहेको भए घेराउ भएकै ठाउँमा प्रहरीहरू कै सामुहिक हत्या हुन सक्थ्यो।" घटनाको बेला शिवधारी यादव आफ्नो घरको पूर्वपट्टी खुसीलाल यादवको घर हुँदै महावीर यादवको घरमा गई बस्नु भएको थियो। उहाँलाई पहिले देखि नै वारेन्ट थियो।

## घाइतेहरुको नामावली

| | |
|---|---|
| १) उत्तीमलाल यादव | २) रामकृपाल यादव |
| ३) कुन्जीलाल यादव | ४) मंगलीदेवी यादव |
| ५) जित नारायण यादव | ६) धनेश्वर यादव |
| ७) रामधनी मण्डल | ८) गुन सागर मण्डल |
| ९) शिवजी यादव | १०) गंगा यादव |
| ११) लक्ष्मीनिया देवी | १२) रौदी यादव |
| १३) जनकप्रसाद यादव | १४) धनमती देवी |
| १५) विश्वनाथ मण्डल | |

## आन्दोलनका क्रममा कुटाइ खानेहरु

| | |
|---|---|
| १) जमुना यादव | २) बद्री महतो |
| ३) कप्ली मण्डल खत्वे | ४) रामलखन मण्डल |
| ५) भोला मण्डल | ६)राजेन्द्रप्रसाद मण्डल |
| ७) बतीसादेवी | ८) शिवदत्त मण्डल |
| ९) शिवजी साह | |

### *(यदुकुहा बजार बन्द गराउँदा)*

स्मरणीय छ यस अघि नै यदुकुहाकै राम विलास महतो फागुन ७ गते जनकपुरमा जुलुश प्रदर्शनको दौरान पक्राउ परेका थिए भने उदय शंकरलाई लिएर जनकपुर जाने विश्वनाथ मण्डल, शिवदत्त मण्डल बतीसादेवीलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा समेत कुटपीट गरी यातना दिएको थियो।



शहीदहरूको शालिक अनावरण गर्दै

# जनआन्दोलनको इतिहास र शहीदनगर

वि. सं. २००४ साल देखि जय सिताराम महन्ताबाट शुरू भएको यहाँको राजनीतिक इतिहास काँग्रेस नेता सरोज कोइराला र कम्यूनिष्ट नेता सूर्यनाथ राणाको कार्यक्षेत्र बन्दै, खडे बटैया आन्दोलनलाई समेत हाँक्दै २०२९ सालमा लागु गरिएको नयाँ शिक्षा विरूद्धको विद्यार्थी आन्दोलनबाट अझ अगाडि बढ्यो। यदुकुहा हाई स्कूलमा अध्ययनरत छात्र कामेश्वर मण्डल र कुशेस्वर यादवलाई प्रहरीले गोली हानी हत्या गऱ्यो। त्यस बेला एक महिला सकुनीदेवीलाई पनि गोली लागेको थियो। विद्यार्थी आन्दोलनका शहीद कुसेश्वरको लाश समेत परिवारलाई नदिई सैनिक रोहवरमा जलाइयो। वि. सं. २०२१ साल आश्विन १ गतेको त्यो कालो दिन विद्यार्थीहरूको राष्ट्रिय स्तरको विरोध कार्यक्रम अन्तर्गत यदुकुहा स्कूलबाट विरोध प्रदर्शन गर्ने कार्यक्रम राखिएको थियो। नजिकको हाईस्कूल धबौलीका विद्यार्थीहरू पनि त्यहाँ जम्मा भएका थिए। स्कूल प्राङ्गणबाट जुलुश निस्केको मात्र थियो प्रहरीले गोली चलाएर विद्यार्थीहरूको हत्या गऱ्यो। त्यस बेला शिवधारी यादव, लट्टु मण्डल र राम प्रधान आदिलाई पक्राउ गरिएको थियो भने ०३६ सालमा पनि १३ जनामाथि वारेन्ट जारी गरिएको थियो। ०४६ सालमा निरंकुशता विरोधी आन्दोलनमा फेरि यदुकुहाले रगत बगाउनु पऱ्यो, जुन देशको इतिहास मै एक नयाँ अध्याय बनेको छ।

# शहीद पार्क निर्माणको थालनी

सर्वप्रथम समाज उत्थान केन्द्र धनुषाको पहलमा अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक महिला विभाग संयोजक कमला पराजुली र क्षेत्रीय संयोजक इन्दीरा फुयाँलको उपस्थितिमा ०५४ भाद्र ३१ गते पार्क तथा शालिक निर्माणस्थलको अवलोकन गर्नुकासाथै भू. पू. सांसद शिवधारी यादवको प्रमुख अतिथ्यमा र गाविस अध्यक्ष नारायण मण्डलको अध्यक्षतामा एक भेला सम्पन्न भयो। सोही भेलाद्वारा "महिला शहीद स्मृति पार्क एवं शालिक निर्माण समिति"




गठन गरियो। राष्ट्रिय महिला भेलाद्वारा गठित कार्यदलका अध्यक्ष गोमा देवकोटाको संयोजकत्वमा गठित उक्त निर्माण समितिको सचिवमा समाज उत्थान केन्द्र धनुषाका अध्यक्ष श्रीमती तुलसा दाहाल एवं सदस्यहरूमा कमला पराजुली संगीता ठाकुर, लिला मानन्धर, सरस्वती चौधरी, देव कुमारी मण्डल, शारदा झा र कृष्णादेवी मण्डल रहनु भएको थियो। निर्माण अवधिभर समाज उत्थान केन्द्र धनुषाका प्रतिनिधि नवराज बस्नेत र स्थानीय रूपमा दिप नारायण यादवले विशेष सहयोग पुऱ्याउनु भएको थियो। त्यसैगरी पार्क डिजाइनमा भरतराज शर्मा, प्रतिमा निर्माणमा धर्मराज शाक्य एवं निर्माण कार्य अवधिमा अध्यक्ष नारायण यादवले सहयोग पुऱ्याउनु भएको थियो।

## पार्क निर्माणमा स्थानीय सहभागिता

समाज उत्थान केन्द्र धनुषा र निर्माण समितिको पहलमा पार्क निर्माणमा निम्न बमोजिम स्थानीय सहभागिता रहेको थियो।

यो सहभागिता र सहयोग प्रति हामी आभारी छौं

| | |
|---|---|
| १) श्री शिवधारी यादव | (भू. पू. सांसद) |
| २) श्री नारायण मण्डल | (गाविस अध्यक्ष) |
| ३) श्रीमती गोमा देवकोटा | (अध्यक्ष निर्माण समिति) |
| ४) श्रीमती तुलसा दाहाल | (सचिव ,, ,, ) |
| ५) श्रीमती कमला पराजुली | (सदस्य ,, ,, ) |
| ६) श्रीमती संगीता ठाकुर | (सदस्य ,, ,, ) |
| ७) श्रीमती लिला मानन्धर | (सदस्य ,, ,, ) |
| ८) श्रीमती सरस्वती चौधरी | (सदस्य निर्माण समिति ) |
| ९) श्रीमती देव कुमारी देवी मण्डल | ( सचिव निर्माण समिति) |
| १०) श्रीमती कृष्णादेवी मण्डल | ( ,, ,, ,, ) |
| ११) श्री नवराज बस्नेत | (निर्माण कार्य) |
| १२) श्री दिप नारायाण यादव | ( ,, ,, ) |
| १३) श्री धर्मराज शाक्य | (मूर्तिकार) |
| १४) श्री भरत प्रसाद शर्मा | (सिनीयर प्लानर) |
| १५) श्री उद्धव पौडेल | (ओभरसियर) |

१६) श्रीकृष्ण इन्जीनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. (योजना)

## आर्थिक सहयोग

पार्क निर्माण कार्यको प्रारम्भ देखिनै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले स्थानीय संस्था समाज उत्थान केन्द्र, धनुषा मार्फत आर्थिक सहयोग उपलब्ध गराएको छ। निर्माण कार्य सम्पन्न हुन्जेलसम्म इन्सेकले ४ लाख ५० हजार ३ सय ४ रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ। यसका अतिरिक्त स्थानीयस्तरबाट पनि उल्लेखनीय आर्थिक सहयोग प्राप्त भएको छ। जसको विवरण यसप्रकार छ :

१. शहीदनगर (यदुकहा) गाउँ विकास समिति - ११०००/-
(जमीन उपलब्ध)

| | |
|---|---|
| २. सांसद श्री रामचन्द्र झा | - ११०००/- |
| ३. सांसद श्री लिला कोइराला | - ११०००/- |
| ४. श्री आनन्द ढुङ्गाना | - ११०००/- |
| ५. श्री विमलेन्द्र निधि | - ११०००/- |
| ६. श्री शिव धारी यादव | - १५००/- |
| ७. स्व. नथुनी मण्डल | - १५००/- |
| ८. श्री दीप नारायण यादव | - १३००/- |
| ९. श्री अब्दुल खालिद कौसर | - ११००/- |
| १०. श्री राम विलास महत्तो | - ११००/- |
| ११. श्री लालबाबु हाथी | - ११००/- |
| १२. श्रीमती जीवछीदेवी साह | - ११००/- |
| १३. श्री बृज लाल महथा | - ११००/- |
| १४. श्री अनिरूद्ध मण्डल | - ११००/- |
| १५. श्री दुःखी चौधरी | - ११००/- |
| १६. श्री राम विलास यादव | - १०५१/- |
| १७. श्री हिरालाल मण्डल | - १०५१/- |
| १८. श्री हर्क वहादुर बस्नेत | - ११११/- |
| १९. श्रीमती राधादेवी बस्नेत | - ११११/- |
| २०. श्री आनन्दी मण्डल | - १००५/- |
| २१. श्रीमती परमेश्वरी देवी हाथी | - १००५/- |
| २२. श्री नारायण यादव | - १००५/- |
| २३. श्री मोल्ही यादव | - १००१/- |
| २४. श्री जनार्दन मण्डल | - १००१/- |
| २५. श्री सुनिल कुमार मण्डल | - १००१/- |
| २६. श्रीमती राम सखीया देवी यादव | - १०००/- |
| २७. श्री सिलराम यादव | - १०५१/- |
| २८. श्री रामवृक्ष मण्डल | - १००१/- |
| २९. श्री घुरण मण्डल | - १००१/- |
| ३०. श्री ीती कुशुम शर्मा | - १०५१/- |

## यदुकुहा घटनाका अमर शहीदहरू

### सोनावती देवी यादव

०४६ सालको जनआन्दोलन आरम्भ भएको तेस्रो दिन अर्थात फागुन ७ गते यदुकुहामा पञ्चायती निरंकुशताको निर्मम गोली प्रहारद्वारा ५ जना नागरिकको हत्या भएको थियो। तिनै ५ जना अमर शहीद मध्ये एक जना सोनावती देवी हुनुहुन्छ। वि. सं. २००८ सालमा जन्मनु भएकी सोनावती एक कृषक महिला हुनुहुन्थ्यो। यदुकुहा गा. वि. स.-८ मा स्थायी बसोबास गर्ने अवधि यादवकी पत्नी सोनावतीका ४ छोरी सेल कुमारी, हिरा कुमारी, सिकिल्ला कुमारी, लिला कुमारी र एक छोरा राम

चन्द्र यादव हुनुहुन्छ। जनआन्दोलनको सिलसिलामा विरोध प्रदर्शन गर्ने तयारी गरी रहेको अवस्थामा प्रहरीले गोली चलाउँदा सख्त घाइते भई उपचारार्थ दरभंगा लैजाँदा लैजाँदै ०४६ फागुन १० गते उहाँले वीरगति प्राप्त गर्नु भएको थियो।

## जानकी देवी यादव

जनआन्दोलनका क्रममा सबै भन्दा वृद्ध उमेरमा शहीद हुने ६१ वर्षीय महिला शहीद जानकी देवी यादव वि. सं. १९८५ सालमा जन्मनु भएको थियो। ०४६ फागुन ९ गते यदुकुहा गोली काण्डमा शहीदतत्व वरण गर्ने जानकी देवी साधारण कृषक महिला हुनु हुन्थ्यो। उक्त गोली काण्डमा उहाँको बायाँ पेटमा गोली लागेको थियो र घटना स्थलमै तत्काल मृत्यु भएको थियो। यदुकुहा-९ मा स्थायी बसोबास गर्ने जानकीका पति श्री नारायण यादव हुनुहुन्छ। पिता सुवाह यादव र माता रामशखी देवी यादवकी छोरी जानकी आफ्नो १५ कठ्ठा जमीनको आयस्ताले परिवारको लालन पालन गरी रहनु भएको थियो। हत्यापछि उहाँको शव प्रहरीले आफ्नो कब्जामा लिएको थियो।

## मुनेश्वरी यादव

धनुषाको यदुकुहा गोली काण्डमा प्रहरीको गोली प्रहारद्वारा शहीदतत्व वरण गर्ने ३ जना आदरणीय महिलाहरू मध्ये १ जना मुनेश्वरी यादव हुनुहुन्छ। ०४६ साल फागुन ९ गते यदुकुहाका शिवधारी यादवको घरमा प्रहरीले आक्रमण गर्दा प्रतिकारमा ओर्लिएका सैयौं प्रजातन्त्रप्रेमी जन समुदायको बीचमा मुनेश्वरी पनि हुनुहुन्थ्यो। शिवधारी यादवको घर छापा मारेपछि जम्मा भएको भीडमा प्रहरीले गोली चलाउँदा एउटा गोली मुनेश्वरीको पेटमा लाग्यो। यसरी सख्त घाइते भई उपचारार्थ वीरगञ्ज लैजाँदै गर्दा बाटोमै उहाँको मृत्यु भएको थियो। २००१ सालमा जन्मनु भएकी मुनेश्वरी राम विलास यादवकी पत्नी हुनु हुन्थ्यो र एक साधारण कृषक महिला हुनुहुन्थ्यो। पिता बौहरा यादव र माता सुकुनी देवी यादवकी छोरी मुनेश्वरी एक छोरा तृपित नारायण र एक छोरी लक्षण देवी यादव हुनुहुन्छ।

## उदयशंकर मण्डल

०४६ साल फागुन ९ गते धनुषाको यदुकुहा गोली काण्डमा प्रहरीको निर्मम गोली प्रहारद्वारा शहीदत्व वरण गर्ने १४ वर्षीय वालकको नाम उदयशंकर मण्डल हो। जनआन्दोलनका स्थानीय विभिन्न कार्याक्रमहरूमा सक्रिय उदयशंकर त्यहींको जनता एकाई मा. वि. का छात्र हुनुहन्थ्यो। उहाँका पिता आनन्दी मण्डल सोही विद्यालयका शिक्षक हुनुहुन्छ। ०३२ साल मंसिर १ गते जन्मिनु भएका उदयशंकर आन्दोलन शुरू हुनु अघि देखि नै भित्ते लेखन र पर्चा पोष्टर टाँस्ने काममा सरिक हुनु हुन्थ्यो। भनिन्छ एक हप्ता अघि प्रहरीको आँखा छली आन्दोलन सम्बन्धी पर्चा टाँसी रहेको बेला स्थानीय महिलाले "उदय तिमीलाई पुलिसले पक्रिन्छ" भन्दा उहाँले जवाफ दिनु भएको थियो-"पुलिसले पक्रिएर के गर्छ ? मारिदियो भने म शहीद भइहाल्छु।" यदुकुहाको नृशंश गोली काण्डमा प्रहरीको निर्मम गोलीबाटै उहाँले शहीदत्व वरण गर्नु भयो। उहाँको पेटमा गोलीले छेडेको थियो र सोही दिन साँझ ९ बजेतिर उहाँको प्राण गयो। उहाँकी आमा राजवती देवी मण्डल, दिदीहरू रतन देवी र शान्ति कुमारी, बहिनीहरू सुशिला कुमारी र सारदा तथा भाइहरू जयशंकर मण्डल हुनुहुन्छ।

## रामनारायण यादव

०४६ साल फागुन ९ गते यदुकुहाको गोली काण्डमा शहीदत्व वरण गर्ने अर्को व्यक्ति हुनुहुन्छ रामनारायण यादव। यदुकुहा गाविस-८ मा स्थायी बसोबास गर्ने पिता विल्दु यादव र आमा बेचनी देवीका छोरा रामनारायण यादव २०११ सालमा जन्मनु भएको थियो। यदुकुहा कै मा. वि. बाट २०२५ सालमा कक्षा ९ सम्मको अध्ययन पूरा गर्नु भएका रामनारायण एक विगाह जमीनमा खेतीपाती गरी ७ जनाको परिवारलाई भरणपोषण गरिरहनु भएको थियो। फागुन ९ गते दिउँसो उहाँ आफ्नो खेतबाट घाँस लिएर फर्किरहनु भएको थियो र बाटो छेउको शिवधारी यादवको घर नजिक आइपुग्दा प्रहरीले चलाएको गोलीद्वारा टाउको छेडियो। उहाँको तत्काल घट्नास्थल मै मृत्यु भयो र उहाँको शव प्रहरीले आफ्नो कब्जामा लिएको थियो।

# कविता

## मानवअधिकार तिमी आऊ

*मानवअधिकार शिक्षा तिमी आऊ*
*सबैमा समान अधिकार बाड्दै*
*स्वतन्त्रता, समानता र एकताको*
*निस्वार्थ माला बनेर*
*जातिबाद र छुवाछूतलाई हटाउँदै*
*स्वाभिमानको झण्डा फहराउँदै आऊ तिमी*
*श्रमिकको वेदनाका सुस्केरा संगै*
*एकताको गीत गुञ्जाउँदै आऊ तिमी*
*प्रवासका गल्ली-गल्लीमा*
*नयाँ चेतनाको बिगुल फुक्दै आऊ तिमी ।*

– मन्दिरा भट्ट "विप्लवी", सिजुवा-२ गडिभार, मोरङ

## शुभकामना छ मानवअधिकार तिमीलाई

*शु- भ नीति र नियम बोकेर*
*भ- एको हर क्षमता सोँचि,*
*का- लो दुःखको अन्धकार दृष्य हटाउन,*
*म- न, बचन र कर्मले सँधै अगाडि बढ ।*
*ना- म मात्रका,*
*छ- द्मभेषी उस्लाग्दा कु-मान्छेका*
*मा- नसिकता तोड्न र फोड्न*
*न- उगबगाइकन धैर्यताले सँधै अगाडि बढ ।*
*व- गर बन्न लागेको मान्छेको जीवनमा,*
*अ- धिकारको उर्जा थपेर*
*धि- पधिपाउँदो जीवनको दीपना*
*का- न्तिमय ज्योति ल्याउन सधैं अगाडि बढ ।*
*र- क्षा र सुरक्षा तिम्रै रूप*
*ति- तो यातना र कष्टलाई*
*मी- तेरी साइनो लगाएर,*
*ला- दिएको अनावश्यक भार घटाउन सँधैं अगाडि बढ ।*
*ई- श्वर कै प्रतिक बनेर सँधै अगाडि बढ ।*

– सन्जु नेपाल

मानवअधिकार रेडियो स्रोता क्लब, मधुमल्ला-५, मोरङ

# महिला जनप्रतिनिधि राष्ट्रिय भेला सम्पन्न



महिला जनप्रतिनिधि राष्ट्रिय भेलाको उद्घाटन गर्नुहुँदै पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा ३ दिने महिला जनप्रतिनिधि राष्ट्रिय महिला भेलाको ०५५ मंसिर ८ गते पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा एक समारोहका बीच उद्घाटन गर्नुभयो। नेपलकाका महिला जनप्रतिनिधिहरूलाई स्तरीयता प्रदान गरी उनीहरूमा कर्तव्यबोध गराउने र अधिकार लागि डट्ने प्रेरणा प्रदान गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा देउवाले राजनीतिमा महिला सहभागिता नभई देशको विकास नहुने धारणा व्यक्त गर्नुभयो। एकातिर परम्परागत घरायसी काम-कारवाहीलाई महिलाहरूले तत्काल छाड्न सक्ने स्थिति छैन भने अर्कोतिर जनप्रतिनिधिका हैसियतले गर्नुपर्ने कामबाट पनि उनीहरू पन्छिन नपाउने हुँदा पुरूष जनप्रतिनिधिको तुलनामा महिलाको भूमिका वढी हुने उहाँले बताउनुभयो। महिला शिक्षित भएमा महिला सशक्तिकरण अभियान स्वतः अघि बढ्ने धारणा व्यक्त गर्दै उहाँले खानेपानी जस्ता पूर्णतः महिलासंग सम्बन्धित विषयमा महिलाकै अग्रगामी भूमिका हुने पनि उल्लेख गर्नुभयो।

उक्त अवसरमा राष्ट्रिय सभाकी सांसद शान्ता मानवीले समाजमा व्याप्त पछौटे चिन्तनका कारण महिलाहरूलाई काम गर्न अप्ठ्यारो परिरहेको बताउँदै पुरूष एक्लैको हिँडाइले विकास सम्भव नै छैन भन्नुभयो। महिला र पुरूषलाई समानरूपमा विकास कार्यमा सहभागी गराइनुपर्ने धारणा राख्दै मानवीले भन्नुभयो-यसका लागि महिलाको भूमिका पनि उत्तिकै जरूरी छ।

नेकपा एमालेकी केन्द्रीय सदस्य एवं सांसद विद्या भण्डारीले महिलासम्बन्धी आफ्नो पार्टीको धारणा प्रस्तुत गर्दै महिलाको सवाल साझा भएकाले यसलाई महिलाहरूको उपस्थितिमा मात्र चर्चा गरिने प्रवृत्ति ठीक नभएको बताउनुभयो। अधिकार दिनुपर्ने बेलामा विविध प्रकारका खिचलो झिकेर टार्न खोज्ने प्रवृत्तिले महिला आन्दोलनलाई नसघाउने धारणा राख्दै भण्डारीले भन्नुभयो- समाजलाई संचालन गर्ने मेरूदण्ड राजनीति भएकाले यसलाई हाँक्नेहरू नै ठीक भएनन् भने यो आन्दोलन अघि बढ्न सक्दैन। निर्वाचन र पार्टी समितिमा आरक्षणका व्यवस्था अनिवार्य हुनैपर्ने बताउँदै उहाँले संविधानमा उल्लेखित ५ प्रतिशत न्यूनतम सीटलाई नै आधार बनाएर पार्टीहरूले उनीहरूलाई यही सीमाभित्र खुम्च्याउन लागेको उल्लेख गर्नुभयो। महिला र पुरूष बन्दैमा पद एउटै भएकाले फरक नहुने बताउँदै उहाँले बैठकहरूका निर्णय हामी घरैमा आएर भनिदिइहाल्छौं। तपाईं किन दुःख पाउनुहुन्छ भन्ने जस्ता पुरूष भनाइले महिलाको सक्रियतामा बाधा खडा गरेको धारणा पनि उक्त अवसरमा उल्लेख गर्नुभयो।

महिला तथा समाज कल्याण मन्त्रालयकी विशेष सचिव उर्मिला श्रेष्ठले मन्त्रालय गठन भएपनि यो हात-खुट्टाविनाको प्राणी जस्तो भएकाले यस्ता कार्यक्रमहरूको सहयोगले मन्त्रालयलाई आफ्नो कार्यक्रम निर्माण गर्न सहयोग गर्ने उल्लेख गर्दै जनप्रतिनिधिहरूले ऐन नियममा उल्लेखित कुराहरूको जानकारी राख्नु आवश्यक छ भन्नुभयो। एक दुई वर्षभित्र सम्पूर्ण जनप्रतिनिधिहरूलाई क्षमता वृद्धि कार्यक्रम संचालन गर्ने मन्त्रालयको सोच भएकाले यसका लागि गैरसरकारी संस्थाहरूलाई पूर्णरूपमा सहयोग गर्न आग्रहसमेत गर्नुभयो। महिलाहरूका लागि के काम गर्न सकिन्छ भनेर ३१ जिल्लामा गोष्ठीको आयोजना गरिसकिएको पनि उहाँले उक्त समारोहमा बताउनुभयो। कार्यक्रम उद्घोषण गर्दै इन्सेक महिला विभाग प्रमुख कमला पराजुलीले पुरूष भन्दा महिला जनप्रतिनिधिको भूमिका तीन गुणा बढी भएकोले महिला जनप्रतिनिधि हुनु सजिलो नभएको बताउनुभयो।

सभापतिको आसनवाट सभा विसर्जन गर्दै इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले दक्षिण एसिया विश्वमै सबभन्दा बढी महिला प्रधानमन्त्री हुने क्षेत्र भडकन पनि यहाँको स्थिति महिला हितका दृष्टिले दयनीय भएको बताउनुभयो। पदमा हुँदैमा समस्या समाधान नहुने भएकाले जनप्रतिनिधि महिलाहरूलाई सशक्त बनाउन सरकारी तबरबाटै उचित वातावरणको सिर्जना गरिनुपर्ने उहाँले बताउनुभयो। हरेक कुरालाई महिलाको आँखाले हेर्न आग्रह गर्दै प्याकुरेलले कम्तिमा पनि २५ प्रतिशत महिलालाई स्थानीय निकायमा ल्याइनुपर्ने प्रस्ताव इन्सेकद्वारा आयोजित गत वर्षको राष्ट्रिय महिला भेलाले पारित गरेकोमा २० प्रतिशतसम्म भएपनि ल्याइने वातावरण बनाइनु राम्रो भएको बताउनुभयो। र, यस्ता निर्वाचित प्रतिनिधिहरूलाई आफ्नो दायित्वबोध र अधिकारप्रति सचेत गराउन सक्ने वातावराणको सिर्जना पनि यो कार्यक्रमको एक उद्देश्य भएका बताउनुभयो। प्याकुरेलले भन्नुभयो- ३० देखि ४० हजारको संख्यामा रहेका महिला जनप्रतिनिधिहरूले पुरूषले गरेको निर्णयलाई ठीक छ भन्नेमा मात्र सीमित नभई आफैं परिचालित हुनुपर्‍यो र यसका लागि राज्यले उचित वातावरणको निर्माण गरिदिनुपर्छ। उहाँले प्रश्न गर्नुभयो- ५ प्रतिशत महिलाका लागि महिला महिलाबीच नै प्रतिस्पर्धा हुने स्थिति बनाउन किन सकिँदैन?

प्रत्येक जिल्लाबाट औसतमा ३ जनाको प्रतिनिधित्व भएको उक्त कार्यक्रम तीन दिनसम्म चलेको थियो।

तीन दिनसम्म चलेको उक्त कार्यक्रममा कमला पराजुलीले राजनीतिमा महिला सहभागिता र महिला जनप्रतिनिधिको महत्व विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने प्रदीप नेपालले स्थानीले निकाय र स्वायत्त शासनसम्बन्धी अवधारणा विषयक कार्यपत्र पशे गर्नुभएको थियो। सुलोचना मानन्धरले महिला जनप्रतिनिधिको भूमिका निर्वाहमा देखापरेका चुनौती र समाधानका उपायहरू विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

# सशक्त राष्ट्रिय आयोगको माग गर्दै भेला समाप्त

स्थानीय तहमा महिला प्रतिनिधिहरू धेरै संख्यामा भए पनि नीति निर्माणमा साँचो अर्थमा उनीहरूले सहभागिता प्राप्त गर्न नसकेको यथार्थलाई मनन गर्दै अलग्गै तालिमको व्यवस्था गरिनुपर्ने र महिलाहरूले भोग्नुपरेका सबैखाले समस्याहरूको समाधानका निम्ति सर्वाधिकार सम्पन्न, शक्तिशाली र स्वतन्त्र महिला अयोगको संवैधानिक व्यवस्थाको माग गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा संचालन भइरहेको ३ दिने महिला जनप्रतिनिधि राष्ट्रिय महिला भेला ०५५ मंसिर १० गते समाप्त भयो। पासाङ्ग ल्हामु संकल्प (२ नामक एक निष्कर्ष पारित गर्दै सम्पन्न उक्त भेलामा नेपालका महिला जनप्रतिनिधिहरूलाई स्तरीयता प्रदान गरी उनीहरूमा कर्तव्यबोध गराउने र अधिकारका लागि डट्ने प्रेरणा प्रदान गर्ने उद्देश्य राखिएको थियो।

उक्त भेलाले मानव अधिकारको भियना विश्व सम्मेलन, रियो पृथ्वी शिखर सम्मेलन, कोपनहेगन सामाजिक विकासको विश्व सम्मेलन, बेइजिङ विश्व महिला सम्मेलन, कायरो जनसंख्यासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन तथा समय समयमा गरिएका अन्य विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूका उपलब्धिहरूलाई विचार गर्दै संयुक्त राष्ट" संघद्वारा मानव अधिकार शिक्षा दशक (सन् १९९५(२००४) घोषित यस बेलाको महत्वमा इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले महिला जनप्रतिनिधिको संख्या र स्तर दुवै बढाउन यो कार्यक्रमको अयोजना गरिएको बताउँदै महिलाहरूले दायित्व पाए पनि हिजोको परिस्थितिमा परिवर्तन नभएका कारण काम गर्न अप्ठ्यारो परेको धारणा व्यक्त गर्नुभयो। महिलाहरूले समस्या बुझेका छन् भन्दै उहाँले त्यससंग जुध्ने वातावरणको सिर्जना आवश्यक भएको विचार व्यक्त गर्दै संसदमा महिला प्रतिनिधित्व बढी हुन सक्यो भने स्वतः सम्पत्तिसम्बन्धी विधेयक पारित हुने र यो समस्या समाधान हुने पनि बताउनुभयो।

इन्सेकका कार्यक्रम निर्देशक कृष्ण उपाध्यायले संकल्पको मस्यौदा पत्र सहभागीहरूबीच प्रस्तुत गर्दै इन्सेकको महिलासम्बन्धी धारणा व्यक्त गर्नुभएको थियो भने इन्सेकका कार्यक्रम संयोजक देविका तिमिल्सिनाले सभापतिको आसनबाट बोल्दै निकट भविष्यमा नै गठन हुने मानव अधिकार आयोगमा अनिवार्यरूपमा महिलाको पनि सहभागिता गराइनुपर्ने इन्सेकको धारणा रहेको कुरा व्यक्त गर्नुभयो। उहाँले इन्सेक हरतरहले महिला आन्दोलनमा सघाउन तयार रहेको र उनीहरूका जायज मागका सम्बन्धमा इन्सेकले सदा साथ दिने धारणा पनि व्यक्त गर्नुभएको थियो।

सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै इन्सेक महिला विभाग प्रमुख कमला पराजुलीले यस कार्यक्रममा प्रत्येक जिल्लाबाट औसतमा ३ जनाको प्रतिनिधित्व भएको बताउनुभएको थियो । तीन दिनसम्म चलेको यो यस्तो खालको प्रथम कार्यक्रम भएको पनि पराजुलीले बताउनुभएको थियो। उहाँका अनुसार यो कार्यक्रममा देशभरका करिब डेढ सयभन्दा बढी महिला, प्रतिनिधि र पर्यवेक्षकको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा विभिन्न सहभागीहरूले कार्यक्रम र संकल्पका सम्बन्धमा आफ्ना प्रतिक्रियाहरू पनि व्यक्त गरेका थिए।

कार्यक्रमले महिला जनप्रतिनिधिहरूको कर्तव्य, अधिकार र दायित्व तथा क्षमतामा वृद्धि गरी कार्य सम्पादनमा स्तरीयता ल्याउने विश्वास इन्सेकको रहेको पनि कमला पराजुलीले बताउनुभएको थियो।



महिला जनप्रतिनिधि राष्ट्रिय भेलाका सहभागीहरु

# इन्सेकप्रति सबैको सकारात्मक धारणा पाएको छ

*राजनारायण नेपाली*
*इन्सेक*

***o यस संस्थमा के के काम गर्दै आउनु भएको छ ?***

– इन्सेकमा काम गरेको ८ वर्षको अवधिमा अधिकांश समय विभिन्न क्षेत्रीय कार्यालयहरूमा रहेर काम गरियो। इन्सेक केन्द्रीय कार्यालयले तय गरेका नीति र कार्यक्रमहरू कार्यान्वयन र अनुगमन मूल्यांकन गर्नु क्षेत्रीय कार्यालयको मुख्य काम हो। त्यस अनुरूप मानवअधिकारको सचेतनता आधारभूत जनतासम्म पुऱ्याउने इन्सेकको लक्ष्य हासिल गर्ने काममा सक्रियतासाथ लागियो। उक्त उद्देश्य हासिल गर्नको लागि सर्वप्रथम जिल्ला जिल्लामा आवद्ध संस्था निर्माण गर्ने र कार्यक्रम संचालन गर्न थालियो। मानवअधिकार रक्षा र विकासका लागि चेतना अभिवृद्धि गर्नका लागि मानवअधिकार शिक्षा (साक्षरता र सचेतनता) कार्यक्रम विविध विषयमा तालिमहरू सचेतन कार्यक्रम, संगठन निर्माण आदि संचालन गरियो। हाल इन्सेक केन्द्रमा रही कार्यक्रमहरू बनाउने, अनुगमन मूल्यांकनहरू गर्ने तथा कार्यान्वयनमा जोड दिने कामहरू गर्दै आएको छु।

***o इन्सेक संस्थाप्रति काम गर्ने दौरानमा तपाईले जनताको कस्तो धारणा पाउन भएको छ ?***

– इन्सेकप्रति आधारभूत तहका जनताको धारणा राम्रो पाएको छु। किनभने हामी कार्यक्रम लिएर जनताको बीचमा काम गर्दै जाँदा केही सिकिन्छ, जानिन्छ भन्दै उत्साहसाथ जनताहरू हाम्रो कार्यक्रमहरूमा सहभागी भइरहेका छन्। इन्सेकले संचालन गरेका मानवअधिकार शिक्षाका सहभागीहरू एक वर्षको कार्यक्रम समाप्ति पछि संगठित भएर आफ्नो अधिकारहरू माग गर्न, सामाजिक विकृतिका विरूद्ध आन्दोलन गर्न




अग्रसर भएको देख्दा र त्यसमा उनीहरूले प्राप्त गरेको सफलताले पनि जनताको इन्सेकप्रतिको धारणा स्पष्ट हुन्छ त्यसै गरी हामीले कार्यक्रम संचालन गरेका गाउँ वा जिल्ला वरपरका गाउँ वा जिल्लाहरूबाट हाम्रो कार्यक्रमप्रति चासो राख्दै कार्यक्रम माग गर्नुले पनि जनताको धारणा प्रष्ट हुन्छ। नर जुनवेला इन्सेकले २०४९ सालमा सर्वप्रथम मानवअधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रम नेपाल अधिराज्यको २५ जिल्लामा सुरू गऱ्यो, त्यसबेला सुरूमा राजनीतिक पार्टीहरूको इन्सेकप्रति नकारात्मक धारणा रहेको पाइयो। राजनीतिक आग्रह र पूर्वाग्रहले इन्सेकलाई हेरेका थिए। उनीहरूको सहभागिता नै हुँदैनथ्यो। कहीं कतै भएपनि नगण्य रूपमा हुने गर्दथ्यो, पछि विस्तारै विस्तारै इन्सेकले आफ्नो कामलाई निरन्तरता दिने क्रममा वर्षको अन्ततिर प्राय सबै जिल्लामा पार्टीको सहभागितामा वृद्धि हुँदै गयो। अहिले राजनीतिक पार्टीहरूको पनि इन्सेकप्रति सकारात्मक धारणा पाइएको छ।

***o वर्तमान मानवअधिकारको अवस्थालाई कसरी हेरी राख्नुभएको छ?***

– मानवअधिकारको वर्तमान अवस्था सन्तोषजनक पाइदैन। किनभने मानवअधिकार संरक्षण र बहाली गर्ने मूल दायित्व बोकेको सरकार शान्ति सुरक्षा र माओवादी जनयुद्ध नियन्त्रणको नाममा जथाभावीसंग मानिसहरूको बाँच्ने पाउने अधिकार हनन गर्दै छ भने अर्कोतिर सभा सम्मेलन गर्ने, जनताको अधिकारमाथि ठाडो हस्तक्षेप गर्न पनि पछि परेको छैन। राजधानी जस्तो ठाउँमा अनेमसंघ (क्रान्तिकारी) ले गोष्ठी गर्न लाग्दा सरकार हस्तक्षेप गर्न पुग्छ भने देशका दुरदराजका जिल्ला र गाउँहरूमा सरकारी रवैया कस्तो होला सहजै अनुमान गर्न सकिन्छ। हाल देशमा चलिरहेको हत्या आतंकको विरूद्ध मानवअधिकार कर्मीहरूले भदौ महिनाभरी गर्नु परेको शान्तिपूर्ण आन्दोलनले पनि वर्तमान मानवअधिकारको स्थिति उजागर गरेको छ। यति हुँदाहुँदै मानवअधिकारको क्षेत्रमा केही सकारात्मक कामहरू पनि भएको पाइन्छ। प्रजातन्त्रको पुनर्वहालीपश्चात् सरकारले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरूमा हस्ताक्षर गऱ्यो। मानवअधिकारको दृष्टिले उत्कृष्ट संविधान पनि बन्यो। केही कमी कमजोरीका बाबजुद पनि यातना विरूद्धको क्षतिपूर्ति ऐन र मानवअधिकार आयोग ऐन पनि संसदबाट पारित भए। मानवअधिकारको क्षेत्रमा यस्ता कामहरू भएका भएतापनि यसलाई कार्यान्वयन गर्ने सवालमा सरकारी पक्षबाट कुनै कदम चालिएका छैनन। अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिमा हस्ताक्षर गरिसकेपछि सो अनुरूपका विभिन्न ऐन कानूनहरू निर्माण हुन सकेका छैनन् भने अर्कोतिर बनेका ऐन कानून कार्यान्वयनमा ल्याउन सरकार अग्रसर नहुन दुर्भाग्यको कुरा हो।

*० मानवअधिकार आन्दोलनको कार्यकर्ताको रूपमा लामो समयदेखि लागि रहनुभएको छ, कामको दौरानमा बिर्सिनै नसकिने कुनै घटना वा प्रसंग छ भने उल्लेख गरिदिनु हुन्छ की ?*

- कामको दौरानमा धेरै प्रसंग र घटनाहरू आए गए कतिपय बिर्सि पनि सकियो कति बिर्सन नसकिने हुँदा हुँदै पनि ती मध्ये २०४९ साउन १६ गतेको थाई एयर बस दुर्घटना अति नै बिर्सन नसक्ने घटना हो। किनभने त्यस दुर्घटनामा इन्सेकका निर्देशक प्रकाश दाजु (स्व. प्रकाश काफ्ले) पनि पर्नुभयो। प्रकाश दाजु, त्यस दिन श्री लंकामा सम्पन्न एक मानवअधिकार सम्मेलनमा भाग लिएर फर्कंदै हुनुहुन्थ्यो भने हामी (म, इन्सेकका तत्कालीन वोर्ड सदस्य विद्यासागर घिमिरे र मासमका निक्षेश कोइराला) मानवअधिकारसम्बन्धी १५ दिने तालिममा सहभागी भएर त्यसै दिन वंगलादेशबाट फर्किंदै थियौं। प्रकाश दाजु चढेको प्लेन हाम्रो प्लेन भन्दा २ घण्टा अघि नै नेपाल प्रवेश गरी मौसमको खराबीले गर्दा एयरपोर्टमा अवतरण गर्न नसकेर हराइरहेको रहेछ। २ घण्टा पछि हामी अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिर आउँदा सुशील दाजु, सरीता भाभी निन्याउरो अनुहारमा बाहिर बसिरहनुभएको थियो। बुझ्दा प्रकाश दाजु आउनुभएको थाइ एयर बस बेपत्ता भएको सुन्दा हामी किमकर्तव्य विमुढ भयौं। यो घटना धेरै घटनामध्येको बिर्सिने नसकिने घटनाको रूपमा मैले लिएको छु।

*० मानवअधिकार क्षेत्रमा काम गर्दा जनताको के कस्ता समस्याहरू पाउनुभएको छ ?*

- आर्थिक शोषण गरीवी र अशिक्षा मानवअधिकारको क्षेत्रमा जनताका समस्याहरू हुन। समाजमा रहेका टाठा, बाठा र ठूलाबडाको आर्थिक शोषणमा परेका सोझा जनताहरू दिनप्रति दिन गरीबीको रेखामुनि घकेलिंदै छन् भने त्यही गरीबीका कारणले आधारभूत तहका जनता शिक्षा हासिल गर्नबाट बन्चित रहेका छन्। जसले गर्दा सामान्य जनताहरू प्रजातान्त्रिक हक अधिकारका बारे अनभिज्ञ रहेका छन्। चेतनाको अभावमा समाजमा विद्यमान रहेको जातीय भेदभाव, लैंगिक भेदभाव, दमन, उत्पीडनबाट छुटकारा पाउन सकेका छैन्। यस बाहेक कमैया प्रथा, देवकी प्रथा, चेलीबेटी बेचबिखन, जारी प्रथा झुमा प्रथा, बालश्रम, आदि समाजमा रहेका कुप्रथा र सामाजिक परम्पराहरूबाट पनि सर्वसाधारणहरू ग्रसित छन्। यी सब कारणहरू नै मानवअधिकारको बहालीको लागि अगाडि तेर्सिएका बाधाहरू हुन्।

*० ती समस्याका समाधान पनि छन् कि ?*

- माथि उल्लेखित समस्याहरू समाधानका लागि सर्वप्रथम राज्यपक्षको दायित्व हुन्छ। शिक्षाका माध्यमबाट संविधानले प्रदत्त गरेका हक अधिकारका साथै जनताका नैसर्गिक अधिकारहरू उपभोग गराउने वातावरण सिर्जना गर्नु राज्यको प्रमुख दायित्व हो। जसका लागि राज्यले जनताका हक अधिकारहरू सुरक्षित गर्न आवश्यक ऐन कानूनहरूको निर्माण गरी प्रचलनमा ल्याउन जोड दिनु पर्दछ। तर दुःख साथ भन्नैपर्ने हुन्छ राज्य आवश्यक ऐन/कानून बनाउने कुरा त परै जावोस् भएका ऐन/कानून कार्यान्वयन गराउन पनि प्रयत्नशील रहेको पाइदैन। राज्यका साथसाथै देशमा रहेका राजनीतिक दल, सामाजिक संघ संस्थाहरूले समेत जनतामा चेतना अभिवृद्धि गराई आफ्ना हक अधिकार बहाली र उपभोग गर्न आन्दोलित गराउने कार्यमा सक्रियतासाथ लगाउन सकियो भने विस्तारै विस्तारै जनताका समस्या कमै मात्रामा, मात्र भएपनि समाधान हुँदै जानेछन्।

*० अन्तमा तपाईले भन्नैपर्ने केही छुटेका कुराहरू छन् कि ?*

- इन्सेकले मानवअधिकार बहालीको लागि जुन भूमिका निर्वाह गर्दै आएको छ त्यसलाई अझ सशक्त ढंगले अगाडि बढाई त्यस आन्दोलनमा देशका अन्य संघ संस्थाहरूसंग हातैमालो गर्दै अगाडि बढ्नु पर्दछ। यस पुनीत काममा देशभरि कार्यरत् मानवअधिकार संघ संस्थाहरू , मानवअधिकार कर्मीहरू लगायत् समाज सुधारका सम्पूर्ण अन्य सामाजिक संघ संस्थाहरूले समेत आफ्ना आग्रह पूर्वाग्रहहरूलाई थाती राखी सामूहिक काममा लाग्न सके मानवअधिकार आन्दोलन सफल भई जनताको हक अधिकार सुरक्षित हुन सक्थे होलान्। यसको लागि सम्पूर्णमा शुभेच्छासहित अस्तु।

◆


के तपाई मानवअधिकारप्रति रूची राख्नु हुन्छ ?

हरेक शनिवार विहान ८.३० बजे रेडियो नेपालबाट प्रशारण गरिने

**मानवअधिकार शिक्षा कार्यक्रम**

सुन्न नभुलौं ।

**मुलुकको मानवअधिकार स्थिति बारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित**

- मानवअधिकार वर्ष पुस्तक
- मानवअधिकार संगालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानून
- मानवअधिकार घोषणापत्र सचित्र
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- मानवअधिकार स्थिति सूचक त्रैमासिक

**लगायत अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं ।**

# बन्दीहरूलाई औषधी उपचारको व्यवस्था छैन्

## पाल्पा कारागार

वि.सं. १९८३ सालमा निर्माण गरिएको पाल्पा जेलको क्षमता ३५० जनाको छ। जेलको मौलिक अवस्था ठीकै रहेको भन्न सकिने अवस्थामा छ। कूल १६ कोठा भएको जेलमा महिला र पुरूषको लागि छुट्टाछुट्टै रूपमा विभाजन गरिएको छ। महिला शौचालय जम्मा ३ वटा छन् भने पुरूष शौचालय १८ वटा रहेको छ। कूल १४८ जनामा जम्मा बन्दी थुनुवा ३६, कैदी महिला ३०, पुरूष ११८/ बालक ४, बालिका २ रहेका छन्।

यस जेलमा पुस्तकालयको व्यवस्था भएतापनि आवश्यकता अनुसारका पुस्तक उपलव्ध छैनन्। बन्दीहरूलाई पत्रपत्रिकाको व्यवस्था पनि थोरै मात्रामा छ टि.भी. २ थानमा महिलालाई १ र पुरूषलाई १ उपलब्ध गराइएको छ।

फैसला नभएका थुनुवाको संख्या ३६ रहेको र करीब अढाइ वर्षसम्म, पुराना फैसला नभएका मुद्दा बन्दीहरूले खेपि रहेको कुरा सम्बन्धित जेलका कर्मचारीहरू वताउनुहुन्छ।

सुन्दर नगरी तानसेन शहरको कोरब कटहर बारी भन्ने थुम्कोमा अवस्थित पाल्पा जेल पुरानो भवन भएपनि सफा वातावरणमा रहेको देखिन्थ्यो। जेलका वन्दीहरूलाई सन्तुष्ट हुने गरी आवश्यक खेलकुद लगायतका अन्य भौतिक सुविधा प्रदान गर्न नसकिएको यथार्थता देखाउँदै जेलरले भन्नुभयो - घरेलु शाखाबाट संचालित घरेलु सम्बन्धी काम सून्य रहेको र एक निमावि स्तरको विद्यालय र त्यहाँका शिक्षकहरूको बारेमा व्यङ्ग्य गर्दै अन्य स्कूलबाट छनौट भई नराम्रो घोषित भएका शिक्षकहरूद्वारा यहाँ शिक्षा दिइने हुँदा यहाँका विद्यार्थीलाई यो शिक्षा औपचारिकता मात्रै हो। बन्दीहरूलाई औषधी उपचारको पनि यथेष्ट व्यवस्था नभएको यथार्थतामाथि प्रकाश पार्दै जेलप्रतिको सरकारी दृष्टिकोण नै खास किसिमबाट निर्देशित नभएको जेलर बताउनु हुन्छ। जेलमा रहेका अपराधी महिलाका ती अवोध बालबालिकाको सवालमा चिन्ता व्यक्त गर्दै सो सम्बन्धमा कुनै पनि कार्यक्रम नहुनुले तिनीहरूको भविष्य अन्यौलग्रस्त रहेको बन्दीहरू बताउछन्। ती बालबालिका वास्तवमा निरापराध भएपनि कारागारमा वसी दिन विताउन बाध्य छन्।

श्री ५ को सरकारका अन्य कार्यालयको तुलनामा कारागारप्रतिको दृष्टिकोण अत्यन्तै फरक रहेकाले विवध कुराहरूमा असजिलो अवस्था रहेको छ भन्दै जेलर अगाडि भन्नुहुन्छ तपाईंहरूको यो इन्सेक जस्ता संस्थाहरूबाट दिइने सूचनाका माध्यमबाट श्री ५ को सरकार लगायत् अन्य निकायहरूले पनि आफ्नो गलत धारणा र सोंच सुधारी सकारात्मकता तिर उन्मूख हुनेछन् भन्ने अपेक्षा राख्दछु। साथै आम बन्दीहरूको जेल समय सापेक्ष ढंगले सुधार होस् भन्ने चाहना पनि रहेको छ।

*– केशव आचार्य*

**वर्षपुस्तक प्रतिनिधि, पाल्पा**



# बाल अधिकार शिक्षक गोष्ठी सम्पन्न




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा बालअधिकार शिक्षक गोष्ठी ०५५ मंसिर ३ गते ललितपुरको जावलाखेलमा सम्पन्न भयो।

इन्सेकद्वारा मध्यमाञ्चलका १२ जिल्लाको ६० विद्यालयमा संचालित बालअधिकार चेतना समूहका संरक्षक शिक्षकहरूको उक्त ३ दिने गोष्ठीको समापन समारोहमा शिक्षा निर्देशक कमलप्रसाद लालकर्णले नेपाली बालबालिकाहरूले शिक्षाको उज्यालोबाट बन्चित हुन नपरोस् भन्ने मनसायले श्री ५ को सरकारले शिक्षा नीतिमा विशेष परिमार्जन गरेको बताउनु भयो।

सोही कार्यक्रममा बोल्दै इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले जबसम्म बालअधिकारको बारेमा जनचेतना सर्वव्यापी हुँदैन तबसम्म मानवअधिकारको बहाली हुन सक्नदैन भन्दै अहिले देशमा अधिकांश बालबालिकाहरू कुपोषण, गरिबी र अशिक्षाबाट पीडित रहेकोले त्यसको सुधारतर्फ सबै पक्षको ध्यान जानु पर्ने कुरा बताउनु भयो।

सो कार्यक्रममा युनिसेफका प्रतिनिधि दत्तात्रेय राय, ललितपुरका निमित्त जिल्ला शिक्षा अधिकार लक्ष्मी प्रसाद तिमिल्सिना, इन्सेक बालबालिका शाखाकी प्रमुख कविता अर्याल, सहभागी शिक्षकहरूको तर्फबाट काभ्रेपलान्चोकका शुभ अधिकारी, सर्लाहीकी सुश्री कृष्णा घिमिरेले पनि बोल्नु भएको थियो भने स्वागत कार्यक्रम संयोजक सुशीला पौडेलले गर्नुभएको थियो। मध्यमाञ्चल क्षेत्रीय संयोजक इन्दिरा फुयाँलले सभापतित्व गर्नुभएको सो समापन कार्यक्रमको संचालन शिव खकुरेलले गर्नुभएको थियो।

(अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयले आयोजना गरेको बालअधिकार शिक्षक गोष्ठीका सहभागीहरूसंग हामीले गोष्ठीको महत्व र उपलब्धिका सम्बन्धमा कुराकानी गरेका थियौं। यहाँ तिनै सहभागीहरूले व्यक्त गरेका विचारका मुख्य अंशलाई प्रस्तुत गरिएको छ।)

***सुन्तली गुरुङ्ग*, श्री बागेश्वरी मावि, रसुवा**



मैले यो गोष्ठीबाट आफूले प्रष्टसंग नबुझेका कतिपय बालअधिकार सम्बन्धी थप जानकारी पाएको छु। नजानेका केही नबुझेका बालबालिकालाई कसरी सचेत र जागरूक बनाउन सकिन्छ भन्ने सम्बन्धमा समेत हामीले गोष्ठीमा छलफल गर्‍यौं। बालबालिकाको लागि यस इन्सेक संस्थाले जुन लगानी गरेको छ त्यसको सही सदुपयोग गर्दै म विद्यार्थीहरूलाई आफ्नो अधिकारप्रति सचेत गराउने छु। साथै यस संस्थाले हामीलाई यसरी नै निरन्तर सहयोग, सर-सल्लाह र सुझाव दिइरहोस् भन्ने मेरा चाहना छ।

*विपन गौतम (संयोजक)*
**मानवअधिकार चेतना समूह, रौतहट**



म ०५२ सालदेखि इन्सेक संस्थासंग आवद्ध भएर काम गरिरहेको छु। मेरो हालसम्मको अनुभव के छ भने इन्सेकले अहिलेसम्म गरेको गोष्ठी, तालिम, अन्तरक्रियाको सही सदुपयोग र लक्षित समूहप्रति नै केन्द्रीत भएको मैले पाएको छु। ती कार्यक्रम कुनै न कुनै रूपमा उपलब्धिमूलक नै रहने गरेको अनुभव मैले संगालेको छु। मूलत इन्सेकको कार्यशैली अन्य संघ संस्थाहरूको भन्दा निश्चय पनि भिन्न हुने गरेको छ। यो अनुभव मेरो मात्र होइन, यहाँ अन्य आवद्ध संस्थाहरूले पनि यही अनुभव गरेका छन्। समग्रमा इन्सेक संस्थाले आफ्नो कार्य क्षेत्र शहरमा मात्र केन्द्रित गरेको छैन, ग्रामीण तहमा गएर काम गरिरहेको छ, यसैले यो गोष्ठीमा सहभागी हुनुभएका शिक्षकहरू पनि ग्रामीण क्षेत्रको नै हुनुभएकाले गोष्ठीको उपलब्धि सार्थक हुनेछ।

***कृष्णप्रसाद घिमिरे*, जनजीवन मा. वि., चितवन**



म विगत १० वर्ष देखि स्कूलमा पढाउँदै आएको शिक्षक हुँ। विगतमा बालअधिकारका धेरै कुराहरू सुनेता पनि व्यवहारमा केलाई बालअधिकार भन्ने ती कुरा र अवधारणाहरू प्रष्ट थिएनन्। यो बालअधिकार सम्बन्धी गोष्ठी, गोष्ठीमात्र नभएर हामी शिक्षकलाई तालिम पनि भएको छ किनभने बालअधिकारका सम्बन्धमा हामीले कसरी काम गर्ने, यी कुराहरूलाई कसरी व्यवहारमा उतार्ने र बालअधिकारको लागि कसरी बालकलाई नै सक्रिय र जागरूक बनाउने भन्ने थप कुराहरू हामीले यो गोष्ठीबाट सिकेका छौं। इन्सेकमा रहेको बाल डेक्सले विद्यालयमा कार्यरत संरक्षक शिक्षकलाई आवश्यक मात्रामा निरन्तर क्रियाशील बनाईरहोस् भन्ने मेरो चाहाना रहेको छ।

*रामप्रसाद गजुरेल*, **देवी डावर मा. वि., धनुषा**



यो गोष्ठीबाट मैले बालबालिका र समाजको सम्बन्ध, बालअधिकार र बालकको सम्बन्धका साथै बालबालिकालाई कसरी सचेत बनाउन सकिन्छ भन्ने कुरा सिकेको र बुझेको छु। निश्चय पनि अधिकारको कुरा व्यवहारमा बालबालिकालाई सिकाउन, बुझाउन र सिंगो समाजलाई नै परिचालित गराउन गाहारो अवश्य हुन्छ। तर पनि यो चुनौतीलाई व्यवहारमा उर्तान हामीलाई यस गोष्ठीले थप प्रेरणा मनं अवश्य दिएको छ। साथै निरन्तर काममा जुटिरहने संरक्षक शिक्षकहरूको उच्चित मूल्यांकन र समीक्षा इन्सेकले गरोस् भन्ने मेरो सुझाव छ।

*नन्दकुमार अधिकारी*, **जनता मा. वि., भरतपुर**



बालअधिकारको सम्बन्धमा अहिलेको जसरी विगतमा यस खालको धारणा उठ्ने गरेको थिएन। हामीहरूलाई पनि यस सम्बन्धमा प्रष्ट ज्ञानको कमी थियो। म विगत १५ वर्ष देखि शिक्षक भएर विद्यालयमा कार्यरत् रहेको छु। उतिखेर हामीलाई बालअधिकारको सम्बन्धमा शिक्षकहरूको पनि भूमिका हुन्छ भन्ने कुरा थाहा थिएन। हामीमा बालबालिकालाई लठ्ठी देखाएर पढाउने जुन प्रचलन रहिआएको थियो। हाल बालअधिकारसम्बन्धी चेतनाका कारण यो लठ्ठी देखाउने प्रचलन हराउँदै गएको छ। यस्ता गोष्ठीले हामीलाई बालअधिकारको सही सदुपयोग कसरी गर्न सक्दछौं भन्ने कुरामा मार्ग निर्देशन गरेको छ।

*लालकृष्ण भत्र*, **श्री केशौरगढी मा. वि., सर्लाही**



म विगत २० वर्ष देखि स्कूलमा कार्यरत छु। हामीले बालअधिकारको महत्व बुझेर नै विद्यालयमा बाल चेतना समूहको गठन गरेका छौं। यसमा इन्सेक जस्तो मानवअधिकारवादी संस्थाले हामीलाई सहयोग पनि गरेको छ। बालबालिकालाई भावी समाजको उत्कृष्ठ नागरिक बनाउन हामीले अहिले देखिनै बालअधिकारको कुरालाई अझ स्पष्टताको साथ कसरी व्यवहारमा लागु गर्नु पर्दछ भन्ने मार्ग निर्देशन यो गोष्ठीले हामीलाई गरेको छ। साथै यो गोष्ठीमा भाग लिन आउनुभएका १२ जिल्लका विभिन्न साथीहरूको अनुभव समेत साटा साट गर्न पाइयो। यसलाई पनि मैले उपलब्धि कै रूपमा लिएको छु।

*जनक कुमार राई*, **क्षमोती मा. वि., दोलखा**

हामीले बालअधिकारको उच्चित सदुपयोग गर्नको लागि बालबालिकालाई मायालु वातावरणमा हुर्काउँदै बढाउँदै शिक्षा र स्वास्थ्यको आवश्यक शिक्षा दिनु नै बालअधिकार हो भन्ने मेरो बुझाइ छ। बालअधिकारको सही सदुपयोगको लागि हामीले कसरी काम गर्ने, गाउँघरमा हुने गरेको बालबालिका माथिको शोषणलाई कसरी निर्मूल गर्ने र अभिभावकलाई बुझाउने भन्ने सम्बन्धमा यस गोष्ठीले हामीलाई शिक्षा दिएको छ। यसको सही सदुपयोग गर्नको लागि विद्यालयका शिक्षकहरूलाई इन्सेकले बढी-परिचालित गर्नु पर्दछ भन्ने मेरो धारणा रहेको छ।



*विष्णु बहादुर कुमाल*, **श्री चन्द्र ज्योती नि. मा. वि., पिपल्टार**



मैले विगत तीन वर्ष देखि हाम्रो स्कूलको संरक्षक शिक्षकको भूमिका निभाउँदै आएको छु। संरक्षक शिक्षक भएको नाताले बालबालिकामा पनि राम्रैसंग मैले काम गर्न सकेको छु भन्ने लागेको छ। साथै बालबालिकाकमा बालअधिकारको सम्बन्धमा चेतनाको विकास र विस्तार क्रमश बढ्दै गएको पनि छ। यस गोष्ठीबाट बालअधिकारको चेतना स्तरलाई अझै माथि कसरी उकास्न सकिन्छ? कसरी ग्रामीण तहमा यसको प्रचार गर्न के गर्नु पर्ला आदि विषयमा हामीले यस गोष्ठीमा छलफल गर्‍यौं। मूलतः यस गोष्ठीबाट बालअधिकारको लागि बालकहरूमा कसरी उत्साह जगाउने भन्ने विषयमा हामी बीच गहन छलफल भयो। यस अर्थमा यो गोष्ठी अत्यन्तै उपलब्धिमूलक छ।

*रामसेवक चौधरी*, **श्री नेपाल राष्ट्रिय उच्च मा. वि., बारा**



मैले विद्यालयमा अध्यापन गर्न लागेको करिब १० वर्ष भयो। हाल म विद्यालयमा बाल चेतना समूहमा रहेर काम गर्न थालेको पनि तीन वर्ष भयो। विगत तीन वर्षको अनुभवमा बालअधिकारले क्रमशः मूर्तरूप लिदैंगएको छ। भनाइको मतलब स्वयं बालबालिकामा पनि बालअधिकारको चेतना र उत्साह बृद्धि भएको छ। यो गोष्ठीबाट हामीलाई बालअधिकारका सम्बन्धमा अस्पष्ट भएका विषयमा थप जानकारी मिलेको छ। साथै बालक स्वयंलाई कसरी अधिकारप्रति चासो जगाउने भन्ने सम्बन्धमा गोष्ठीले हामीहरूलाई मार्ग निर्देशन गरेको छ।

*रितमान वाइवा*, **मालिका देवी विद्यालय, रसुवा**



म विगत ०४९ सालदेखि इन्सेक आवद्ध मानवअधिकार संस्थासंग सम्बन्धित रहेर मानवअधिकार आन्दोलनमा लागिरहेको छु। मानवअधिकारको एउटा पाटो "बालअधिकार" पनि हो भन्ने कुरामा ग्रामीण तहमा पनि त्यस खालको चेतनाको सुरूवात भएको छ। त्यसैले बालअधिकार अब नारामा मात्र सीमित रहेको छैन। स्वयं बालकहरू नै पनि केही बताउन सक्ने भएका छन्। जति बुझ्नु पर्ने हो त्यति बुझाउन हामीले नसकिरहेको यो वर्तमान अवस्थामा बालअधिकार सम्बन्धी यो गोष्ठीले अस्पष्ट भएका ती कुराहरूलाई प्रष्ट पारेको छ। छलफल चलाएको छ। शिक्षक र अभिभावक दुवैबाट कसरी बालकहरूलाई सुयोग्य बनाउन सकिन्छ र उनीहरूको दायित्व के हुने गर्छ भन्ने सम्बन्धमा पनि यो गोष्ठीले थप कुरा सिकाएको छ।

# मानवअधिकार शिक्षा शिक्षक तालिम सम्पन्न



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ०५५ कार्तिक १० गते देखि १८ गतेसम्म धनुषा जिल्लाको मुजेलियामा मानवअधिकार शिक्षक तालिम सम्पन्न भयो। सिराहा, सप्तरी, धनुषा, महोत्तरी र सर्लाही जिल्लामा संचालन गरिने मानवअधिकार शिक्षाको लागि दिइएको उक्त तालिममा शिक्षण सिकाई प्रकृया, विकास के हो? मानवअधिकार शिक्षा, मानवअधिकारको ऐतिहासिक विकासक्रम, सूचना, व्यवस्थापन आदि विषयमा इन्सेकका राजनारायण नेपाली, रमेश पौडेल, शिव खकुरेल र दिपेन्द्र भट्टले सहभागीहरूलाई प्रशिक्षण दिनुभएको थियो। तालिम समापन समारोहमा स्थानीय समाज सेवी पाण्डवराज घिमिरेले प्रमाणपत्र प्रदान गर्नुभएको उक्त तालिममा ३२ जना मानवअधिकार शिक्षकहरूको सहभागिता रहेको थियो माथि उल्लेखित सहभागीले जिल्लाका चमार, मुसहर जस्ता जनजातीहरूको माझमा योजना लैजाने कार्यक्रम रहेको उक्त मानवअधिकार शिक्षा आगामी असार महिनासम्म चल्ने छ।

(अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालयले धनुषा जिल्लाको मुजेलियाम आयोजना गरेको मानवअधिकार शिक्षा शिक्षक तालिमका सहभागीहरूसंग तालिमको उपलब्धिका सम्वन्धमा सहभागीहरूले व्यक्त गरेका विचारको मुख्य अंशहरूलाई यहाँ प्रस्तुत गरिएको छ।)

***अप्सरा घिमिरे*, हरिपुर-१, सर्लाही**



यस भन्दा पहिला मैले एउटा तालिम लिएको थिए। तर यस्तो राम्रो, सरल र प्रभावकारी तालिम लिएको थिइन। यस तालिमबाट हामीले साक्षरताको माध्यमबाट कसरी विद्यार्थी र अभिभावकलाई अधिकारको बारेमा जानकारी गराउनु पर्दछ? र कसरी उनीहरको चेतना स्तरलाई अगाडि बढाउनु पर्दछ भन्ने कुरा मैले यस तालिमबाट सिकेकी छु। मानवअधिकार शिक्षाको सम्बन्धमा समेत म आफूले नबुझेका, नजानेका कतिपय कुराहरू यस तालिमले हामीलाई सिकाएको छ। यस्ता तालिम, गोष्ठी समय-समयमा संचालन भएमा हामीले थप अन्य कुराहरू पनि सिक्ने, जान्ने र बुझ्ने अवसर पाउने थियौं भन्ने मलाई लागेको छ।

***रामपृत शाह*, फुल्काहा गाविस, महोत्तरी**



यो तालिमबाट मैले सिकेका, जानेका र बुझेका कुराहरूको सही सदुपयोग गर्ने छु। तालिम मैले सोचेभन्दा अनुमान गरेको भन्दा अत्यन्तै राम्रो लाग्यो। मैले अहिलेसम्म नबुझेका कतिपय मानवअधिकार सम्बन्धी कुराहरू सिक्ने र बुझ्ने अवसर मिल्यो साथै यो तालिमले मलाई बढी सचेत बनाएको छ। तालिमबाट आफूले सिकेका कुरालाई आवश्यक शैक्षिक सामग्री समयमानै उपलब्ध भएमा यहाँबाट सिकेका कुरालाई म खेर जान दिने छैन।

***अजिता शाह*, सिन्दुर जोडा गाविस**



धनुषा, यस्तो तालिम लिनपाएकोमा म अत्यन्त खुसी छु, आजसम्म मैले तालिम लिन पाएको थिईन। यस तालिमबाट मैले शिक्षा र मानवअधिकारको महत्वका सम्बन्धमा थप कुराहरू बुझ्ने अवसर पाँए। यस तालिमबाट सिकेका र आफूले जाने बुझेका कुरालाई म अवश्य सही सदुपयोग गर्नेछु। साथै तपाईहरूलाई मेरो अनुरोध छ यस्तै तालिम इन्सेक संस्थाबाट र अन्य संघ संस्थाहरूबाट पनि समय समयमा संचालन भएमा अरू साथीहरूले पनि धेरै कुरा बुझ्ने , जान्ने अवसर पाउने थिए।

***सुनिता चौधरी*, सिराहा**



यस खालको तालिम यो भन्दा अगाडि मैले लिएको थिइन। मानवअधिकार सम्बन्धी तालिम हुने गर्छन भन्ने कुरा पनि थाहा थिएन। यस तालिमले हामीलाई धेरै नै व्यवहारिक कुरा सिकाएको र बुझाएको छ। मानवअधिकार र शिक्षाको महत्वका साथै समाजमा हुने गरेका भेदभावको सम्वन्धमा मसिनो तरिकाले हामीले यस तालिमबाट धेरै कुरा सिकेका छौं। इन्सेकले चलाउने यस किसिमको अभियानमा म सधैं सामेल रहरे साथ दिनेछु र आफ्नो अधिकारको सम्बन्धमा सचेत रहन आफ्नो क्षेत्रका जनतालाई सहयोग गर्नेछु।

***राजेश्वर मण्डल*, सप्तरी**



मानवअधिकारको आन्दोलनलाई आफ्नो ठाउँबाट सधैं सचेतनाको अभियान संचालन गर्दै आएको इन्सेक संस्थाले संचालन गरेको यो तालिममा भाग लिन पाएकोमा म आफू अत्यन्त खुशी छु। तालिममा मैले जानेका र सिकेका कुराहरू अति नै उपयोगी छन्, यहाँ मैले जानेका कुराहरू अरूलाई पनि गएर सिकाउने छु। यस खालको तालिम पछि पछि पनि भैराखेमा अति नै राम्रो हुने थियो।

# वर्ष पुस्तकको समीक्षा गोष्ठी



**फिदिम**

हुकोडेक नेपाल र इन्सेकको आयोजनामा मानवअधिकार वर्ष पुस्तक १९९७ को समीक्षा गोष्ठी ०५५ कार्तिक १३ गते फिदिममा जिविस उपसभापति दीनानाथ घिमिरेको प्रमुख आतिथ्य र सोमराज थापाको सभापतित्वमा सम्पन्न भयो।

वर्ष पुस्तक समीक्षा गोष्ठीको उद्घाटन गर्नु हुँदै घिमिरेले नेपालको इतिहासमा यो पुस्तकलाई दस्तावेजको रूपमा लिन सकिन्छ भन्नुभयो।

कार्यक्रममा अभिवक्ता सर्मान्दि सिग्देलले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि अभिवक्ता टिका तिमिल्सिना र अधिवक्ता चन्द्र पोखरेलले टिप्पणी गर्नुभएको थियो। सरकारी वकिल शंकर राई, पाँचथर अदालतका शाखा अधिकृत खगराज अधिकारी, बार अध्यक्ष लैनबहादुर थापा नेपाल प्राध्यापक संघका अध्यक्ष घनेन्द्र पौडेल, नेपाली कांग्रेसका मोहन नेम्वाङ्ग, एमालेका राज कुमार भण्डारी, माले प्रतिनिधि लय प्रकाश बाँस्कोटाले वर्षपुस्तकका सम्बन्धमा आ-आफ्नो विचार् व्यक्त गर्नुभएको थियो।

उक्त गोष्ठीमा उपस्थित मानुभावहरूलाई संस्थाका अध्यक्ष प्रेम ओझाले स्वागत तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने इन्सेक प्रतिनिधि सोम थापाले विभिन्न व्यक्तिहरूबाट उठाइएका प्रश्नहरूको उत्तर दिनुभएको थियो

## संविधान दिवस

**फिदिम**

"प्रजातन्त्रको सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ प्रयोगका ८ वर्षहरू" विषयक विचार गोष्ठी हुकोडेक नेपाल बार इकाई र प्राध्यापक संघको संयुक्त आयोजनामा ०५५ कार्तिक २३ गते फिदिममा सम्पन्न भयो।

जिविस सभापति उपेन्द्र दंगालको प्रमुख आतिथ्य, घनेन्द्र पौडेलको सभापतित्व र प्रेम ओझाको संचालनमा सम्पन्न उक्त गोष्ठीमा नेपाल अधिराज्यको संविधान २०४७ ले दिएको मौलिक हक अधिकार लगायत् अन्य उपलब्धिहरू सबैले पाउनु पर्ने धारणा उल्लेख गर्नुभयो। कार्यक्रममा अतिथि प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद अर्यालले पनि आफ्नो विचारहरू व्यक्त गर्नुभएको थियो। साथै उक्त गोष्ठीमा क्याम्पस प्रमुख गोविन्द गुरागाई र अधिवक्ता चन्द्र पोखरेलले आ-आफ्ना विचार व्यक्त गर्नुभएको थियो।

**तेह्रथुम**

जन चेतना अभियान (प्याक) तेह्रथुमको आयोजनामा संविधान दिवसको उपलक्ष्यमा ०५५ कार्तिक २६ गतेका दिन स्थानीय रेडक्रस सभा कक्षमा "नेपाल अधिराज्यको संविधान २०४७ र बहुदलीयता" विषयक विचार गोष्ठी सम्पन्न भयो।

उक्त गोष्ठीमा जिल्लाका जनप्रतिनिधि, कार्यालय प्रमुखहरू, राजनीतिक संगठनका प्रतिनिधिहरू र स्थानीय संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

विचार गोष्ठी समारोहका प्रमुख अतिथि एवं जिल्लाविकास समितिका सभापति श्री किशोर चन्द्र दुलालले पानसमा बत्ती बालि उद्घाटन गर्नुभएको थिया भने प्रमुख जिल्ला अधिकारी बाबुराम लामिछानेले यस्ता कार्यक्रमबाट जनमानसमा संविधान सम्बन्धी थप जानकारी दिने कुरा राख्दै शुभकामना व्यक्त गर्नुभएको थियो।

सो कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष ज्योति अधिकारीले गर्नुभएको थियो भने कार्यक्रमको संचालन सचिव गोपाल दाहालले गर्नुभएको थियो।

## विचार गोष्ठी सम्पन्न

रेडियो स्रोता क्लब भजनी-९ कैलालीको आयोजनामा ०५५ असोज २३ गते मानवअधिकार सम्बन्धी एक दिने विचार गोष्ठी सम्पन्न भयो। क्लबका अध्यक्ष दिलराम चौधरीको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा शिक्षक विद्यार्थी र अभिभावक गरि १११ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूले मानवअधिकारको सम्बन्धमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

## महिला जनप्रतिनिधि तालिम

**मोरङ**

इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगर र फरेनको संयुक्त आयोजनामा वयरवन गासिको रमाइलोमा ३ दिने महिला जनप्रतिनिधि तालिम ०५५ भदौ २१ देखि २३ गते सम्म सम्पन्न भयो। तालिमका सहभागीहरूलाई इन्सेक केन्द्रीय कार्यालय महिला विभागकी प्रमुख कमल पराजुली,




इन्सेक विराटनगर क्षेत्रीय कार्यालयका संयोजक दशरथ बुढाथोकी लगायत् शकुन्तला बराल, अनिता पौडेल, काशिनाथ दहाल, सिलानाथ निरौला आदिले महिला अधिकार, स्थानीय निकायमा महिला जनप्रतिनिधिको भूमिका महिलाहरूको वर्तमान अवस्था आदि विषयमा तालिमका साथै कार्यक्रमको महत्वका बारेमा चर्चा गर्नुभएको थियो।

# शिक्षक गोष्ठी

## झापा

मानवअधिकार वातावरण र विकास केन्द्र "हुरेक" झापाको आयोजनामा ०५५ भदौ २१ गते "बालअधिकार चेतना समूह" का बारेमा विद्यालय शिक्षकहरूको एक दिने गोष्ठी सम्पन्न भयो। १६ जनाको सहभागिता रहेको उक्त गोष्ठीमा डिल्लीकुमार मैनाली, गोपाल घिमिरे, जितु गौतम, जनार्दन सिटौला तुलसी प्रसाद पौडेल, नेत्र पाठक आदिले कार्यमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो। कार्यक्रमको सभापतित्व जितु गौतम र संचालन कमल मिश्र ले गर्नुभएको थियो।

## धनकुटा

हुसाडेक, धनकुटाको आयोजनामा ०५५ भदौ १२ गते हुसाडेकको कार्यालयमा शिक्षकहरूको समन्वयात्मक गोष्ठी, २० गते महाभारत गाविसमा जनप्रतिनिधि सचेतन कार्यक्रम र २७ गते हुसाडेकको कार्यालयमा अन्तरसम्वाद कार्यक्रम सम्पन्न भए उक्त कार्यक्रममा बालअधिकार, मानवअधिकारसम्बन्धी धारणा र मानवअधिकारको अवधारणा आदि विषयमा छलफल गरिएको थियो। कार्यक्रममा क्रमशः ११, २४, २१ जनाको सहभागिता रहेको थियो।

## भोजपुर

आशाहुड भोजपुरको आयोजनामा ०५५ भदौ १३ गते स्थानीय समुदायिक भवनमा "बालअधिकार कानून २०४८ र कार्यान्वयन" विषयमा शिक्षक, कर्मचारी र अन्य सामाजिक संघ संस्थाका प्रतिनिधि बीच छलफल कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा सोमराज थापा, अमृका ताम्राकार, श्यामप्रसाद स्वतिवडा, शशिकला प्रधान, शेरधन राई आदि वक्ताहरूले कार्यक्रमको औचित्यकाबारे प्रकाश पार्नुभएको थियो।

## नेपालगंज

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) क्षेत्रीय कार्यालय नेपालगंजको आयोजनामा ०५५ कार्तिक २३ देखि २५ गते सम्म पाहुनाघर नेपालगंजमा "सरकारी विद्यालय शिक्षक गोष्ठी" सम्पन्न भयो। जिल्ला शिक्षा अधिकारी ज्ञानी यादवको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीमा इन्सेक आवद्ध संस्थाका प्रतिनिधि, सम्बन्धित विद्यालयका शिक्षकहरूको सहभागिता रहेको थियो। जम्मा ३४ जना सहभागीहरूले भाग लिएको उक्त गोष्ठीमा कविता अर्याल, विक्रम चौधरी, विपुल गौतम, शैलेश शर्मा, इन्द्र प्रसाद शर्मा, मुनिश चन्द्र न्यौपाने आदिले कार्यक्रमको चर्चा गर्दै सहभागीहरूलाई प्रशिक्षण दिनुभएको थियो।

## धनगढी

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) क्षेत्रीय कार्यालय नेपालगंजको आयोजनामा ३ दिने सरकारी विद्यालय शिक्षक गोष्ठी ०५५ कार्तिक २७ देखि २९ गतेसम्म धनगढीमा सम्पन्न भयो।

प्रमुख जिल्ला शिक्षा अधिकारी नन्दराज वन्तको प्रमुख आतिथ्यमा सम्पन्न



उक्त गोष्ठीमा आछाम, डोटी, डडेल्धुरा, दार्चुला र कैलालीका संरक्षक शिक्षकहरूको सहभागिता रहेको थियो। सहभागीहरूद्वारा सामूहिक रूपमा उद्‌घाटन गरिएको उक्त गोष्ठीमा, इन्सेकको परिचय, कार्यक्रम समीक्षा, आगामी कार्ययोजना, बालअधिकार आदि विषयमा सहभागीहरूलाई कृष्ण प्रसाद लुइँटेल, बलराम भट्टराई, विक्रम चौधरी आदिले प्रशिक्षण दिनुभएको थियो।

### सप्तरी

हुसेक सप्तरीको आयोजनामा ०५५ भदौ २३ गते बालअधिकार चेतना समूह गठन भएका विद्यालयका संरक्षक शिक्षक र प्रधानाध्यापक बीच बालअधिकारको सम्बन्धमा शिक्षक गोष्ठी सम्पन्न भयो। उक्त गोष्ठीमा इन्सेक बालबालिका शाखा प्रमुख कविता अर्याल र सप्तरीका प्रमुख जिल्ला अधिकारी श्री राम रतन मिश्रको प्रमुख आतिथ्यमा सम्पन्न गोष्ठीमा बालअधिकारका सम्बन्धमा छलफल भएको थियो।

## छलफल गोष्ठी

### डडेल्धुरा

मानवअधिकार जनजागरण अभियान केन्द्र (हरमस) डडेल्धुराको आयोजनामा ०५५ भदौ ७ गते रूपलाल गाविसको प्राङ्गणमा मानवअधिकारसम्बन्धी छलफल गोष्ठी सम्पन्न भयो। कार्यक्रममा नेपालमा बालबालिकाको अवस्था, बाल श्रम विरूद्ध जनमत किन? संस्था परिचय आदि विषयमा गाविस पदाधिकारी, शिक्षकहरू ग्रामीण जनताहरूवीच छलफल भयो। उक्त कार्यक्रममा जम्मा ५५ जनाको उपस्थिति रहेको थियो।

## सचेतन भेला

### सप्तरी

मानवअधिकार तथा मसाज सेवा केन्द्र (हुसेक) को आयोजनामा ०५५ भदौ ६ गते सिम्राहा सिङ्गीयोनमा सचेतन भेला सम्पन्न भयो। उक्त भेलामा महिला र पुरूष गरि क्रमशः १९ र २३ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा महिला तथा बालअधिकार र हाम्रो समाज विषयमा चर्चा गरिएको थियो।

### पाँचथर

हुकोडेक पाँचथरको आयोजनामा ०५५ भदौ १२ गते चोकमागु सरसिउलामा सचेतन भेला सम्पन्न भयो। उक्त भेलामा महिला र पुरूष गरि जम्मा ७१ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा संविधानमा उल्लेख्य गरिएको मौलिक हकका सम्बन्धमा चर्चा गरिएको थियो। यस अगाडि सोही जिल्लाको फाक्तेपमा ०५५ भदौ ५ गते पनि महिला जनप्रतिनिधिको काम, कर्तव्य र अधिकार विषयका सम्बन्धमा महिला कार्यक्रम सम्पन्न गरिएको थियो।

### जुम्ला

ग्रामीण विकास समूह कार्यक्रम, जुम्लाको आयोजनामा ०५५ भदौ ३ गते आगामी कार्ययोजना र विगत वर्षका कमी कमजोरीहरू विषयमा सरकारी विद्यालयका शिक्षक, प्रधानाध्यापक र जिल्ला शिक्षाका प्रतिनिधिवीच स्थानीय जिविस समीक्षालयमा एक दिने छलफल कार्यक्रम सम्पन्न भयो। जुम्लाका कामु जिल्ला शिक्षा अधिकार श्री राम लाल खड्काको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको सभापतित्व शान्तिलाल महतले गर्नुभएको थियो। कार्यक्रममा कालीबहादुर रोकाया, इश्वरी दत्त न्यौपाने, कृष्ण बहादुर रोकाया आदिले आ-आफ्ना विचारहरू व्यक्त गर्नुभएको थियो।

### अर्घाखाँची

प्रकाश सचेतन समूह (प्राग) अर्घाखाँचीको आयोजनामा ०५५ भदौ २० गते शारदा मावि ढिकुरामा सचेतन भेला सम्पन्न भयो। उक्त भेलामा ५४ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा मानवअधिकार विविध विषयमा चर्चा गरिएको थियो।

### गोरखा

ग्रामीण सुदृढीकरण केन्द्र गोरखाको आयोजनामा ०५५ भदौ ३० गते श्रीगाथकोट गाविसमा सचेतन भेला सम्पन्न भयो। उक्त भेलामा ५१ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा सामाजिक कुरिती, संवैधानिक अधिकार आदि विषयमा चर्चा गरिएको थियो।

### लमजुङ

सफर लमजुङको आयोजनामा ०५५ भदौ ३१ गते भकुण्डेमा सचेतन भेला सम्पन्न भयो। उक्त भेलामा ४० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा महिला अधिकारका विविध विषयमा चर्चा गरिएको थियो।

### रुपन्देही

सामाजिक जागरण तथा विकास मंच (फोसाड) रूपन्देहीको आयोजनामा ०५५ भदौ ५ गते बर्दिवास-५ मा, २० गते मानपकडीमा र २१ गते देवदहमा सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः ४७, ८० र ५८ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा मानवअधिकारको परिचय, संस्था परिचय, बालअधिकार आदि विषयमा चर्चा गरिएको थियो।

### स्याङ्जा

मानवअधिकार शिक्षा एवं विकास केन्द्र, स्याङ्जाको आयोजनामा ०५५ भदौ २३ गते स्याङ्जा बजारमा जिविस सभापति, सरकारी विद्यालयका शिक्षक जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि बीच "विद्यालयमा बालअधिकार शिक्षा" विषयमा शिक्षक गोष्ठी सम्पन्न भयो। कार्यक्रममा दिप सिलवाल, हेमराज शर्मा, रामबहादुर थापा, नारायण ढकाल आदिले गोष्ठीमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

### तनहुँ

नेपाल एकीकृत ग्रामीण विकास केन्द्र, तनहुँको आयोजनामा ०५५ भदौ ४ गते मीरकोट-९ मा र ८ गते राम्जाकोट - ५ सचेतन भेला सम्पन्न भए। ती भेलाहरूमा क्रमशः ४५ र ५६ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा शान्ति सुरक्षा, माओवादी जनयुद्ध आदि विषयमा चर्चा गरिएको थियो।




# प्रधानाध्यापक गोष्ठी

## नेपालगंज

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) क्षेत्रीय कार्यालय नेपालगंजको आयोजनामा ०५५ कार्तिक २१ र २२ गते पाहुनाघर नेपालगंजमा २ दिने "कमैया बालबालिका सम्बन्धी प्रधानाध्यापक गोष्ठी" सम्पन्न भयो। उक्त कार्यक्रमको उद्घाटन प्रमुख जिल्ला शिक्षा अधिकारी ज्ञानी यादवले गर्नुभएको थियो। गोष्ठीमा कमैया बालबालिका भर्ना गर्ने सम्बन्धी विद्यालयका प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा कविता अर्याल, गोविन्द बन्दी, मुक्ति तिमिल्सिना, बाबुराम चौधरी, विक्रम चौधरी, संजय चौधरी आदिले इन्सेक परिचय, इन्सेकको कमैया क्षेत्रमा संलग्नता, बाल कानून बालबालिकाको भर्ना आदि विषयमा गोष्ठीमा छलफल गर्नुभएको थियो।

## बर्दिया

मानवअधिकार सचेतन सक्रिय मंच (एफा) बर्दियाको आयोजनामा ०५५ भदौ २३ गते गुलिरिया नगरपालिकाको जिविस हलमा सरकारी विद्यालय शिक्षक गोष्ठी सम्पन्न भयो। गोष्ठीमा विगत २ वर्षदेखि सरकारी विद्यालयमा संचालन गरिँदै आएको बालअधिकार शिक्षा कार्यक्रमको प्रभाव, अनुभव र आवश्यक सुझावसहित गोष्ठीमा छलफल गरियो। कार्यक्रममा वसन्तराज सुवेदी, रामचन्द्र शर्मा, राजकुमार रेग्मी, गणेशप्रसाद गौतम, भजनराम चौधरी, आदिले आ-आफ्नो विचार र सुझाव दिनुभएको थियो

## बारा

मानवअधिकार जागरण केन्द्र ( हरेक) को आयोजनामा ०५५ भदौ २१ गते गौरी शंकर उच्च मावि निजगडमा सचेतन भेला सम्पन्न भयो। भेलामा २२ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा इन्सेक र मानवअधिकार, ग्रामीण क्षेत्रमा मानवअधिकार आदि विषयमा चर्चा गरिएको थियो।

## चितवन

महिला सघन विकास केन्द्र पर्सा चितवनको आयोजनामा ०५५ भदौ २६ गते कठारमा सचेतन भेला सम्पन्न भयो। भेलामा ५० जनाको सहभागिता रहेको थियो। कार्यक्रममा महिला र कानून विषयमा चर्चा गरिएको थियो।

## पर्सा

हाम्रो समाज जागरण संस्था, पर्साको आयोजनामा नेराप्रावि मधुवनमा ०५५ भदौ २१ गते "बालबालिका विरूद्ध हुने सबै प्रकारका भेदभाव विषयमा विद्यार्थीहरूको बीचमा सचेतन कार्यक्रम सम्पन्न भयो। उक्त भेलामा २८५ जना छात्रछात्राहरूको सहभागिता रहेको थियो।

## रसुवा

हुसेक, रसुवाको आयोजनामा ०५५ भदौ ३१ गते लहरे पौवा-३ मा सचेतन भेला सम्पन्न भयो। भेलामा ३० जनाको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा महिलाअधिकार र मानवअधिकार विषयमा चर्चा गरिएको थियो।

# समीक्षा भेला सम्पन्न

## नेपालगंज

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) क्षेत्रीय कार्यालय नेपालगंजको आयोजनामा ०५५ कार्तिक २१ गते मानवअधिकार विश्वव्यापी घोषणा पत्र जारि भएको १९४८ को पचास वर्षको सन्दर्भमा संचालित दोहोरो सम्वाद कार्यक्रम यू. डि. एच. आर. को दाङ घोराहीमा समीक्षा भेला सम्पन्न भयो। उक्त समीक्षा भेलामा कार्यक्रम



इन्चार्ज, ग्रामीण आयोजक समितिका प्रतिनिधि सहयोगी कार्यकर्ताहरूले कार्यक्रमबारे जानकारी गराउनुभएको थियो। कार्यक्रम संयोजक देवीप्रसाद बाँस्कोटाले कार्यक्रम समीक्षाका लागि तोकिएका बुदामाथि सबै सहभागीहरूलाई बोल्न लगाउनुभएको थियो। कार्यक्रममा, कार्यक्रम संचालन प्रक्रिया, विषयवस्तुको औचित्य आदि विषयमा छलफल गरिएको थियो।

## तालिम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको आयोजनामा ३ दिने संगठन विकास तथा व्यवस्थापन तालिम ०५५ मंसिर ९ देखि ११ गतेसम्म नेपालगंजमा सम्पन्न भयो। उक्त तालिममा त्यस क्षेत्र अन्तरगतका ११ वटा जिल्लाका आवद्ध संस्थाबाट २ जना महिलासहित २० जनाको सहभागिता रहेको थियो। तालिम सहभागितात्मक प्रक्रियाबाट संचालन गरिएको थियो।

इन्सेक केन्द्रीय कार्यालय तालिम शाखाका रमेश पौडेलबाट पहिलो दिनको पूर्वाद्धमा उद्घाटनदेखि अनुभव आदान प्रदानसम्मका विषयहरूलाई सहभागितात्मक ढंगले संचालन गर्ने कार्य भएको थियो। त्यस पछिका विषयगत प्रशिक्षणहरूमा क्षेत्रीय संयोजक प्रेम पराजुलीले संगठनको अवधारणा, कार्यालय व्यवस्थापन, योजना, समन्वय र लेखाको अवधारणाका सम्वन्धमा, केन्द्रीय कार्यालयका कार्यक्रम शाखाका जगदीश दहालले व्यवस्थापनको अवधारणा, आयोजना व्यवस्थापन, व्यवस्थापनको सिद्धान्त र प्रयोग, नेतृत्व र संचारका सम्बन्धमा विक्रम चौधरीले, प्रतिवेदनका सम्बन्धमा भोला महतले, लेखा व्यवस्थापनका सम्बन्धमा तथा शैलेस शर्माले तालिमको योजना र व्यवस्थापनका सम्बन्धमा सहजकर्ताको भूमिका निर्वाह गर्दै उक्त विषयहरूमा प्रकाश पार्ने कार्य भएको थियो।

तेस्रो दिनको तालिम अवधिको दौरानमा खेलाइएको आयोजनामा व्यवस्थापन सम्बन्धी खेल र लेखाको प्रतियोगितात्मक समूहगत छलफलमा प्रथम हुने समूहहरूलाई पुरस्कार र तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गरी कार्यक्रम सम्पन्न गरिएको थियो।

## कविता प्रतियोगिता सम्पन्न

सक्रिय मानवअधिकार रेडियो स्रोता क्लब लालगढ-८ धनुषाको सक्रियतामा ०५५ कार्तिक २० गते अन्तर मावि स्तरीय "बालअधिकार" विषयक खुल्ला कविता प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा महेन्द्र मावि ढल्केवर, श्री सार्वजनिक मावि वंगाडावर र जनता मा.वि बर्दीवासका विद्यार्थीहरू चन्द्रदेव महतो, मधुसुदन कार्की र खड्गबहादुर रमतेल क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए। ढुण्डिराज पोखरेलको सभापतित्वमा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि रामप्रसाद गजुरेल हुनुहुन्थ्यो।

## कविता प्रतियोगिता सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र मानवअधिकार शिक्षा एवं विकास केन्द्र (मानवि) को संयुक्त आयोजनामा ०५५ भदौ ४ गते "बालअधिकार हाम्रो अधिकार" विषयमा कविता प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा चार वटा विद्यालयका आठ जना छात्र-छात्राहरूले भाग लिएका थिए। उक्त प्रतियोगितामा काजिमान हरिटिका मा. वि. र भू. पू. सैनिक आ. मा. वि. का ईश्वर प्रसाद शर्मा, तिर्सना गोदार र सिर्जना गोदार क्रमश : प्रथम, द्वितीय र तृतीय भएका थिए।

प्रतियोगीहरूलाई साना तथा घरेलु उद्योगका केन्द्रीय सदस्य श्यामप्रसाद श्रेष्ठले पुरस्कार वितरण गर्नुभएको थियो। साथै कार्यक्रमको सभापतित्व शंकर कार्की र संचालन खेम बहादुर गोदारले गर्नुभएको थियो।



## कविता

### किताब पढ्न पाए हुन्थ्यो

*पिठ्यूँमा छ घाँसको भारी शिरमा छ नाम्लो*
*यसै गरी वित्यो कठै जिन्दगानी हाम्रो*
*गरीबको घरमा जन्मी गरिबता भो साथी*
*दु:ख पीर बेदनाले भरी भएछ छाती*
*सबै जान्छन् कापी किताब कलम बोकी पढ्न*
*बाबा आमासंग जान्छन् घुम्न भनिकन*
*मैले पनि यसैगरी पढ्न पाए हुन्थ्यो ।।*

*कलम कापी किताब छन् उसका त साथी*
*गाई, भैंसी, बाख्रा मात्रै किन मलाई जाती*
*काँधमा काँध मिलाई सबै पढ्न जान्छन् भित्र*
*मलाई मात्र सीमित किन चार दिवाल भित्र*
*उसले खान्छ मीठो खाना मलाई किन जुठो*
*खाना खाई पढ्दछ उ मलाई किन चुलो*
*मैले पनि उसको जस्तै साथी पाए हुन्थ्यो*
*उसको जस्तै मीठो खाना पाए पनि हुन्थ्यो।।*

*म पनि अवसर पाए असल नागरिक बन्थें*
*म जस्तै दु:खीको त सँधै सेवा गर्थे।*
*मैले पनि आफनो अधिकार पाएको भए हुन्थ्यो ।*

*माया प्रेम, गास, बास पाए देखि हुन्थ्यो ।*
*राम्रा राम्रा कुरा पढ्न किताब पाएको भए*
*स्कूल गई मनका कुरा साट्न पाएको भए।*
*छँदैनथ्यो कि मन मेरो यस्तो घरी-घरी ।*
*हाँसी खुशी बाँच्थें होला मत सँधै भरी ।*
*त्यसैले त सुखी रहन पढ्न पाए हुन्थ्यो ।*
*बाबा आमाको निरन्तर प्यार पाए हुन्थ्यो ।*

*पद्मा रिजाल*
श्री सरस्वती प्रा. वि., पितभारी बाँके

# स्रोता क्लब राष्ट्रिय तदर्थ समितिको बैठक सम्पन्न



मानवअधिकार शिक्षा रेडियो स्रोता क्लव राष्ट्रिय तदर्थ समितिको तेस्रो पूर्ण वैठक तदर्थ समितिका संयोजक मदन पौडेलको अध्यक्षतामा ०५५ कार्तिक २७ गते इन्सेक केन्द्रीय कार्यालय काठमाण्डौंमा सम्पन्न भयो। वैठकमा समितिका सचिव कुमार खड्का, कोषाध्यक्ष राधिका सापकोटा, सदस्यहरु सन्जु नेपाल, राधाकृष्ण कसजु, रुद्र प्रसाद धिनाल, अमर सुनुवार, कृष्ण सुवेदी र कृष्ण वजगाईका साथै रेडियो कार्यक्रम संचालिका प्रेक्षा ओझा, रेडियो कार्यक्रम संयोजक कुन्दन अर्याल, इन्सेकका कार्यक्रम संयोजक देविका तिमिल्सिना तथा इन्सेक अभियानका संयोजक आत्माराम शर्माको उपस्थिति थियो। उक्त वैठकले विविध निर्णयहरू पारित गरेको छ। पारित निर्णयहरू यसप्रकार छन्।

१) राष्ट्रिय समितिको लागि आवश्यक लोगो प्रतियोगितामा लोगो पठाई प्रतियोगितामा सहभागी हुने सम्पूर्ण स्रोताहरूलाई धन्यवाद दिंदै ६ जना लोगो प्रेषकहरू विनोद न्योपाने दाङ, सविता वि. क.- रामवजार-१० पोखरा, कास्की, लक्ष्मण लामा- केरावारी मोरङ, कुमार खड्का-इटहरी गैसार, सीताराम अधिकारी- धादिङ र लक्ष्मी प्रसाद दहाल- पथरी मोरङलाई पुरस्कृत गर्ने निर्णय सर्वसम्मत गरियो।

२) विधान तयारी समितिका संयोजक विष्णु बहादुर खत्रीद्वारा प्रस्तुत विधान आवश्यक सुधार गरी पारित गर्ने निर्णय गरियो र उक्त विधानलाई आगामी सम्मेलनमा प्रस्तुत गरिने छ।

३) आगामी २ महिनाभित्र राष्ट्रिय तदर्थ समितिको मुखपत्र मदन पौडेल, राधिका सापकोटा प्रकाश भट्टराई तथा रेडियो शाखाका दुई जना र सल्लाहकारको संयोजकत्वमा प्रकाशन गर्ने निर्णय गरियो।

४) राष्ट्रिय तदर्थ समितिका दर्ता भएका सम्पूर्ण स्रोता क्लवहरूलाई क्रमशः प्रमाण पत्र वितरण गर्दै जाने निर्णय गरियो।

५) राष्ट्रिय तदर्थ समितिको वैंक खाता संचालनको लागि समितिका संयोजक मदन पौडेल महासचिव कुमार खड्का तथा कोषाध्यक्ष सुश्री राधिका सापकोटाको संयुक्त हस्ताक्षरवाट संचालन हुने गरि राष्ट्रिय वाणिज्य वैंक कलंकी काठमाण्डौंमा खाता खोल्ने निर्णय सर्वसम्मत गरियो।

६) इन्सेकवाट प्रकाशित हुने सम्पूर्ण प्रकाशनहरू १/१ प्रति राष्ट्रिय तदर्थ समितिका सदस्यहरूलाई दिन इन्सेकसंग अनुरोध गर्ने निर्णय गरियो।

७) यस केन्द्रीय समितिको आगामी वैठक २०५५ फागुन १८ गते मंगलबार विहान ९ वजे इन्सेक केन्द्रीय कार्यालयमा वस्ने निर्णय गरियो।

## रेडियो स्रोता क्लब

### परिचय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रशारित मानवअधिकार रेडियो शिक्षा कार्यक्रमको रेडियो स्रोता क्लवहरूमध्ये इन्सेक आवद्ध "मानवअधिकार रेडियो स्रोता क्लव ढुङ्गेसाँधु एक हो। यो क्लव ताप्लेजुङ जिल्लाको ढुङ्गेसाधु गाविसमा रहेको छ। मोफसलमा रहि मानवअधिकारसम्बन्धी जनचेतना फैलाउन समय-समयमा यसले विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। आफ्नो कामलाई अझ विस्तारित गर्दै स्वच्छ जनसंस्कृतिको विकासका साथसाथै मानवअधिकारसम्बन्धी जनलहर फैलाउन यो क्लव लागिरहेको छ। रेडियो स्रोता क्लवका अध्यक्ष लिलाराज भट्टराईको संयोजकत्व र हरि घिमिरेको अध्यक्षतामा २१ सदस्य "मानवअधिकार साँस्कृतिक मञ्च" गठन गरिएको छ। स्रोता क्लवकै मातहतमा संचालित हुने उक्त साँस्कृतिक मञ्चले ०५५ सालको दिपावलीको उपलक्ष्यमा देउसी, भैलो कार्यक्रम सम्पन्न गर्‍यो। संकलित रकमबाट सामाजिक कार्यको लागि ५० थान थाल किन्नुका साथै समाजसेवी देवेन्द्र खतिवडाले मञ्चलाई प्रदान गर्नुभएको रू. १,०००/- वाट ३ थान वाल्टिन, २ थान जग, १ थान चियादानी सामाजिक कार्यमा प्रयोजनको लागि किनिएको छ। यसैगरी रेडियो स्रोता क्लबले गत कार्तित १२ गते ढुडेसाँधु -२ तेल्लावुङ्गामा एक वृहत साँस्कृतिक कार्यक्रम सम्पन्न गर्‍यो।

# मानवअधिकार शिक्षा रेडियो कार्यक्रम निर्देशिका

### पृष्ठभूमि :

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मानवअधिकार र सामाजिक न्यायका निम्ति कार्यरत संस्था हो। मानवअधिकारलाई जनताको प्रत्यक्ष सरोकारको विषय वनाउँदै आफ्ना नेटवर्क संस्थाहरू मार्फत यो संस्था ग्रामीण क्षेत्रका जनसमुदाय वीच मानवअधिकार सम्वन्धी चेतना एवं शिक्षा अभिवृद्धि गर्ने क्रममा लागिरहेको छ। भौगोलिक विकटता रहेको नेपालमा रेडियो संचार प्रभावकारी माध्यम रहेको छ। आमसंचारका साधनहरू मध्ये रेडियो देशको कुना कुनामा प्रसारीत हुन सक्छ। अर्कोतर्फ रेडियो शहरी भन्दा ग्रामीण क्षेत्रका जनसमुदायले बढी सुन्ने गर्दछन्। यिनै विविध पक्षलाई समेट्दै इन्सेकले रेडियो कार्यक्रमको माध्यमवाट ग्रामीण इलाकाका जनसमुदाय वीच मानवअधिकार शिक्षा पुर्‍याउने उद्देश्यले मानवअधिकार शिक्षा रेडियो कार्यक्रम संचालन गर्दै आइरहेको छ। २०५१ माघ ७ गतेदेखि इन्सेक लगायतका अरू केही मानवअधिकारवादी संस्थाहरूको सहभागितामा रेडियो नेपालबाट मानवअधिकार शिक्षा कार्यक्रम प्रसारण हुन थालेको थियो। तर २०५२ कार्तिकदेखि इन्सेक एक्लैले यो कार्यक्रम संचालन गर्दै आईरहेको छ। रेडियोबाट यो कार्यक्रम प्रसारण गर्नुको उद्देश्य ग्रामीण इलाकाका जनसमुदाय वीच मानवअधिकार सम्बन्धी कुराहरूको जानकारी गराउनु रहको छ। २०५३ साल देखि इन्सेकसंग आबद्ध हुनेगरी २१ जिल्लामा रेडियो स्रोता क्लव गठन गरिसकिएको छ। यसका अतिरिक्त देशका सम्पूर्ण जेलहरूमा स्रोता क्लव गठन गर्ने उद्देश्य अनुरूप ४३ वटा

जेलहरूमा स्रोता क्लवहरूको गठन गरी ४० वटा रेडियो वितरण गरिसकिएको छ। यस देखि वाहेक अन्य स्वतन्त्र स्रोता क्लवहरू समेत इन्सेकको मानवअधिकार शिक्षा रेडियो कार्यक्रमको प्रभावकारिता देखि प्रभावित भएर खुल्ने क्रम सक्रिय रूपमा अगाडि बढि रहेको छ।

मानवअधिकार शिक्षा रेडियो कार्यक्रम आरम्भ भएको ४ वर्ष पुरा भएको छ। कार्यक्रमले यस विचमा धेरै भन्दा धेरै स्रोताहरूसंग पत्राचार गर्न सफल भएको छ। हाल हरेक महिनामा २ सय देखि ४ सय सम्म स्रोताका पत्रहरू प्राप्त भइराखेका छन। प्रत्येकहप्ता स्रोताका प्राप्त पत्रका आधारमा उल्लेखिय पत्रको छनौट गरी रेडियोबाट प्रसारित गर्ने काम समेत भैराखेको छ। रेडियो नेपालले २०५५ सालमा गरेको सर्वेक्षणको प्रतिवेदनमा मानवअधिकार शिक्षा कार्यक्रम दोस्रो श्रेणीको कार्यक्रममा परेको छ।

## कार्यक्रम संचालित क्षेत्र :

अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) द्वारा प्रारम्भिक चरणमा देशका २० जिल्ला एवं जेलहरूमा रेडियो स्रोता क्लब गठन गरिएको छ। साथै देशका सम्पूर्ण जेलमा क्रमिक रूपमा रेडियो स्रोता क्लव गठन गरिनेछ। यसरी गठन गरिएका स्रोता क्लबमा एक जना अध्यक्ष एक जना सचिव र बाँकी सबै सदस्य गरी कम्तीमा ७ जना पदाधिकारीहरू रहने छन। स्रोता क्लवहरूले आवश्यकता अनुसार विधान बनाई स्थानिय जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्न पनि सक्ने छन।

इन्सेक अभियानसंग आवद्ध मानवअधिकार शिक्षा रेडियो श्रोता क्लवहरूको गठन गरिएका जिल्लाहरू यस प्रकार छन:

| पूर्वाञ्चल | मध्यमाञ्चल |
|---|---|
| मोरङ | चितवन |
| भोजपुर | रामेछाप |
| ताप्लेजुङ | धनुषा |
| उदयपुर | धादिङ |
| | नुवाकोट |
| **पश्चिमाञ्चल** | **सु.प.तथा म.प** |
| स्याङजा | सुर्खेत |
| गुल्मी | मुगु |
| अर्घाखाँची | दैलेख |
| पाल्पा | रोल्पा |
| कपिलवस्तु | डोटी |
| | कैलाली |

मानवअधिकार शिक्षा कार्यक्रम अन्तर्गत पर्ने रेडियो कार्यक्रम निम्न किसिमले सञ्चालन गरिने छ।

१. रेडियो कार्यक्रम
२ सामुदायिक रेडियो कार्यक्रम
३. रेडियो स्रोता क्लव
४. प्रकाशन

## १. रेडियो कार्यक्रम

### *(क) कार्यक्रम प्रसारण तथा संचालन विधि:*

**रेडियो नेपाल:**

रेडियो कार्यक्रम हरेक हप्ता शनिवार विहान ८.३० वजे रेडियो नेपालबाट प्रसारित भैरहेको छ। यस कार्यक्रममा विभिन्न विषय वस्तुसंग सम्बन्धित नाटक एवं संवैधानिक कुराहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय सरोकारका विषयवस्तु, सन्धि, अभिसन्धि, संयुक्तराष्ट्रसंघीय वडापत्रका कुराहरू, ग्रामिण इलाकामा घटेका मानवअधिकार उल्लंघनका घटनाहरू जस्ता उल्लेख्य विषयवस्तु सगं सम्बन्धित जानकारी प्रस्तुत गरिन्छ। रेडियो मार्फत प्रसारित कार्यक्रम पनि तीन खण्डमा विभाजित गरी प्रसारण गरिन्छ। पहिलो चरणमा मानवअधिकार संग सम्बन्धित विषयवस्तुहरूको जानकारी, दोस्रोमा नाटक र तेस्रो खण्डमा स्रोताहरूको उल्लेख्य पत्र प्रसारण गरिन्छ। कार्यक्रम प्रसारण अवधि जम्मा २५ मिनेटको रहेको छ। पहिलो चरण अर्थात जानकारीमूलक विषयवस्तुको प्रसारण समय १३ देखि १५ मिनेट सम्मको रहन्छ। यस भागमा संवैधानिक कुराहरू, सन्धि, अभिसन्धि सम्बन्धि विषयवस्तुहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय सरोकारका विषयवस्तुहरू, राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वहरूसंगको अन्तर्वार्ता, भनाई, लेख, रचना आदि प्रसारण गरिन्छ। कार्यक्रम प्रसारणको लागि ग्रामिण इलाकामा गई सम्बन्धित क्षेत्रमा घटेका मानवअधिकार उल्लंघनका घटनासंग सम्बन्धित कुराहरूको रेकर्ड गरी उपयुक्त लागेमा रेडियो मार्फत समेत प्रसारण गरिने छ। दोस्रो चरणमा नाटक प्रशारण गरिन्छ। यसको समय ५ देखि ८ मिनेटसम्मको रहेको छ। यसमा बालअधिकार, महिलाअधिकार, संयुक्त राष्ट्र संघिय वडापत्रका धारासंग सम्बन्धित विषयवस्तुहरू, मुलुकमा घटेका समसामयिक घटनासंग सम्बन्धित विषयवस्तु, ग्रामीण क्षेत्रमा घटेका मानवअधिकार उल्लंघनका घटनाहरूसंग सम्बन्धित नाटक प्रसारण गरिन्छ। र तेस्रो अर्थात अन्तिम चरणमा स्रोताका उल्लेख्य पत्रलाई समावेश गरिन्छ। यस रेडियो कार्यक्रमका लागि ५ जना व्यक्तिहरू कार्यरत छन :-

**कार्यक्रमको अवधारणा लेखन** : - १ जना
**प्रस्तोता** : १ जना
**नाटक प्रस्तोता** :२ जना
**व्यवस्थापन तर्फ** : - १ जना

### *(ख) रेडियो सगरमाथा :*

२०५५ वैशाख १९ गतेदेखि रेडियो सगरमाथा काठमाण्डौबाट पनि मानवअधिकार शिक्षा कार्यक्रम प्रशारण गरिदैं आएको छ। प्रत्येक शनिवार विहान ७:३० देखि ८ वजे सम्म प्रसारण हुने यो कार्यक्रम मूलतः छलफलमा आधारित कार्यक्रम हो। मानवअधिकारका समसामयिक विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई जम्मागरी छलफल प्रसारण गरिन्छ। हाल यो कार्यक्रम विषेशतः काठमाण्डौ उपत्यकावासीहरूका लागि मात्र केन्द्रित रहेको छ।

## २ सामुदायिक रेडियो कार्यक्रम :

यो कार्यक्रम मूलतः ग्रमिण तहमा घटेका मानवअधिकाका घटनाहरूलाई ग्रामीण तहमै उजागर गर्ने तथा मानवअधिकार सम्बन्धि चेतनामा अभिबृद्धि गर्ने कार्यक्रम हो । यो कार्यक्रम संचालन गर्न इन्सेक केन्द्रीय कार्यालयबाट आवश्यक equiment (माइक गाडी आदि) को व्यवस्था गरी कार्यक्रम गर्ने जिल्लाको आवद्ध संस्था जिल्ला प्रतिनिधि तथा स्रोताल्कबहरूको सहयोगलिई गाउँका कुना कुनामा संचालन गरिन्छ।

## ३. रेडियो स्रोता क्लव :

इन्सेक अभियानसंग आवद्ध २० जिल्लाका रेडियो स्रोता क्लवहरू तथा देशका विभिन्न जेलहरूमा गठित गरी प्रत्येक स्रोता क्लवलाई १/१ थान रेडियो एवं इन्सेक प्रकाशनहरू उपलब्ध गराइराखिएको छ। यसका अतिरिक्त अन्य जेलहरूमा गठन हुने स्रोता क्लवहरूलाई पनि रेडियो वितरण गर्ने लक्ष्य राखिएको छ। यसरी गठन भएका स्रोता क्लवहरूले इन्सेकवाट प्राप्त रेडियो मार्फत त्यस क्षेत्रका वढि भन्दा बढि जनतालाई मानवअधिकार सम्बन्धी सचेतन कार्यक्रमहरू सुनाउन परिचालित गर्नेछन। इन्सेक अभियानसंग आवद्ध स्रोता क्लव, जेलमा गठित

स्रोता क्लवहरूले रेडियो नेपालबाट प्रशारीत मानवअधिकार शिक्षा कार्यक्रमका वारेमा आपसी छलफल एवं आफ्ना गाउँघरमा घटेका मानवअधिकार उल्लंघनका घटना इन्सेक कार्यालयमा प्रेषित गर्नेछन।

माथि उल्लेख्न गरिएका रेडियो स्रोता क्लवहरूलाई तीन समूहमा विभाजन गरिएको छ :-

**क. इन्सेक आवद्ध रेडियो स्रोता क्लवः**

इन्सेक आवद्ध रेडियो स्रोता क्लव २० जिल्लामा खोलिएका स्रोता क्लवहरू पर्दछन। यिनीहरूलाई इन्सेकले १/१ थान रेडियो एवं इन्सेक प्रकाशनहरू उपलब्ध गराउँदै आएको छ।

**ख. जेलहरूमा गठित रेडियो श्रोता क्लवः**

त्यस्तै गरेर यस अन्तर्गत नेपालका प्राय सबै जेलमा गठन गरिने स्रोता क्लवहरू पर्दछन। जसलाई हामी १/१ थान रेडियो सेट साथै इन्सेक प्रकाशनहरू उपलब्ध गराउँदछौं।

**ग. स्वतन्त्र रेडियो स्रोता क्लवः**

माथि उल्लेखित स्रोता क्लवदेखि बाहेकका स्वतन्त्र रूपमा गठन भएका स्रोता क्लवहरू पर्नेछन। यिनहरूलाई इन्सेकबाट प्रकाशित मानवअधिकार संग सवन्धित प्रकाशनहरू उपलब्ध गराइने छ त (r) रेडियो उपलब्ध गराइने छैन ।

माथि उल्लेखित तीन समूहका रेडियो स्रोता क्लवहरूमा उपलब्ध गराइने इन्सेकवाट प्रकाशित मानवअधिकार संग सवन्धित प्रकाशनहरू इन्सेक क्षेत्रिय कार्यालय मार्फत उपलब्ध गराइने छ ।

## रेडियो स्रोता क्लव संचालन बिधि :

क. रेडियो स्रोता क्लव सवै जिल्ला एवं देशका सम्पूर्ण जेलहरूमा क्रमिक रूपमा गठन गर्ने कार्यक्रम रहेको छ।

ख. यसरी गठित स्रोता क्लवमा १ अध्यक्ष, १ सचिव सहित कम्तिमा ७ जना पदाधिकारीहरू रहनेछन।

ग. गठन भएका स्रोता क्लवहरूले इन्सेकसंग आवद्ध भएका संस्था, इन्सेक जिल्ला प्रतिनिधि, क्षेत्रिय कार्यालय, आवद्ध संस्था र केन्द्रिय कार्यालयहरूसंग नियमित सम्पर्क एवं समन्वय राखिरहने छन। आवद्ध संस्था नभएका जिल्लाका स्रोता क्लवहरूले जिल्ला प्रतिनिधि, इन्सेक क्षेत्रिय कार्यालय ९च०ा केन्द्रिय कार्यालयसंग नियमित सम्पर्क र समन्वय राख्नेछन्।

घ. माथि उल्लेखित स्रोता क्लवहरूलाई ( स्वतन्त्र स्रोता क्लव वाहेक)एक सेट रेडियो एवं इन्सेक प्रकाशनहरू उपलब्ध गराइने छ।

स्वतन्त्र रूपमा खुलेका स्रोता क्लवहरूलाई इन्सेकद्वारा प्रकाशित एवं अन्य मानवअधिकार प्रकाशनहरू मात्र उपलब्ध गराइने छ।

च. स्रोता क्लवहरूले आफ्नो क्षेत्रमा रहेका जनतालाई रेडियो कार्यक्रम सुन्नकालागि परिचालित गर्नुका साथै बढि भन्दा बढि स्रोता जुटाउनु पर्ने छ।

छ. स्रोता क्लवहरूले आफ्नो गाउँघरमा घटेका मानवअधिकार उल्लंघनका उल्लेख्य घटनाहरू लेखि पठाउनु पर्ने छ।

ज. स्रोता क्लवका पदाधिकारीहरू इन्सेकद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी हुनु पर्नेछ।

(यो बुंदा जेलमा गठित स्रोता कलवलाई भने लागु हुने छैन)

झ. रेडियो स्रोता क्लवले गरिरहेका कामका सम्वन्धमा इन्सेकद्वारा कुनै पनि वेला अनुगमन गर्न सकिनेछ।

ञ. रेडियो स्रोता क्लवले पठाएका उल्लेख्य घट्नाहरू उपयुक्त लागेमा रेडियोबाट प्रसारण गरिने छ।

**रेडियो स्रोता क्लवले संचालन गर्ने कार्यक्रमहरु :**

१. प्रत्येक शनिवार विहान ८.३० बजे नियमित रेडियो सुन्न जनसमुदायलाई अभिप्रेरित गर्ने।

२. रेडियोबाट कार्यक्रम प्रसारण भइसकेपछि त्यसवारेमा छलफल गर्ने र स्थानीय आवश्यकता अनुसार ग्रामीण जनसमुदायमा प्रचार प्रसार गर्ने।

३. वडा वडामा शनिवार रेडियोबाट प्रसारित कार्यक्रममा छलफल चलाउने र त्यहाँबाट प्राप्त सुझावहरू मासिक प्रतिवेदन इन्सेकमा पठाउने।

४. आफूले जानेको मानवअधिकारको ज्ञानलाई ग्रामीण इलाकामा फिंजाउने।

५. रेडियो स्रोता क्लवको मासिक वैठक वस्नु पर्ने छ र वैठकको मासिक प्रतिवेदन इन्सेक रेडियो सेक्सनमा पठाउनु पर्ने छ।

६. आफ्नो क्षेत्रमा कुनै पनि रचनात्मक काम गर्नसक्ने छ।

७. स्रोता क्लवले गरेका गतिविधिको मासिक प्रतिवेदन पठाउनु पर्ने छ।

८. इन्सेकद्वारा संचालन गरिने सामुदायिक रेडियो कार्यक्रम संचालनका लागि आवश्यक सर-सहयोग जुटाउनु पर्ने छ।

## ४. प्रकाशन :

क. मानवअधिकार शिक्षा रेडियो कार्यक्रम अन्तर्गत मासिक रूपमा " मानवअधिकार तरु" प्रकाशन गरिने छ। यसमा स्रोताद्वारा प्राप्त उल्लेख्य लेख, रचना, कविता, सोधिएका सान्दर्भिक प्रश्न एवं मानवअधिकारसंग सम्बन्धित अन्य विभिन्न विषयवस्तु समावेश हुनेछन।

ख. मानवअधिकार शिक्षा रेडियो कार्यक्रमसंग सम्बन्धित द्यचयअजगचभ एवं क्तध्अपभच नेपाली तथा अंग्रेजी दुवैमा प्रकाशित गरिने छ।

ग. रेडियोद्वारा प्रसारित उल्लेख्य कार्यक्रम एवं नाटकको व्यमष्य :बनबशष्लभ एवं व्यमष्य म्चकव तयार गरिने छ।

घ. मानवअधिकरा शिक्षा रेडियो श्रोता क्लवहरूको प्रथम राष्ट्रिय सम्मेलनको प्रतिवेदन तयार गर्ने र उक्त सम्मेलनमा भिडियो डकुमेन्ट्री तयार गर्ने।

**कार्यक्रमको तालिका :**

१. प्रत्येक शनिवार विहान ८.३० वजे नियमित मानवअधिकार संग सम्बन्धित विभिन्न विषयमा आधारित नाटक एवं जानकारीमूलक कार्यक्रम प्रसारण गरिने छ। वर्ष भरीमा ५२ हप्ता (५२ दिन) कार्यक्रम प्रसारण गरिने छ।

२. शनिवार प्रसारण गरिने कार्यक्रम प्रत्येक विहिवार रेकर्डिङ गरिने छ।

३. शुक्रवार रेकर्डिङ गर्ने सामाग्री बुधवार तयार गरिने छ।

माथि उल्लेखित कार्यक्रम प्रसारण गर्नका लागि मानवअधिकारसंग सम्बन्धित विभिन्न घटना एवं विषयवस्तु समेत समावेश गरिने छ।

## निष्कर्ष :

यसरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले ग्रामीण इलाकामा रहेका जनसमुदाय विच मानवअधिकार शिक्षालाई उनीहरूको आफ्नो अधिकारप्रति सचेत एवं अरूको अधिकार प्रति संगठित रूपमा अघि बढ्न सहयोग पुगोस भन्ने उद्देश्य लिई यो कार्यक्रम माथि उल्लेखित तरिकाबाट संचालित हुने छ।

❑

## इन्सेक अभियानको आफ्नै सूचना

*इन्सेक अभियानको आगामी ०५५ पुस अंक इन्सेकका संस्थापक एवं अथक मानवअधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा केन्द्रित हुनेछ । त्यसकारण इन्सेक क्षेत्रीय कार्यालय, आबद्ध संस्था तथा इन्सेकका कार्यक्रमहरूमा संलग्न रहनु भएको जो कसैले पनि प्रकाश काफ्लेसंग सम्बद्ध रहँदाका संस्मरण, कविता, लेख, टिप्पणी एवं रचनाहरू पठाई सहयोग पुऱ्याउनु हुन अनुरोध गरिन्छ।*

**– प्रकाशन शाखा**
इन्सेक

## आफ्नै सूचना

इन्सेकका सबै क्षेत्रीय कार्यालय तथा आवद्ध संस्थाहरूले इन्सेक अभियानमा प्रकाशन गर्नु पर्ने कार्यक्रम सम्बन्धी समाचार सामग्रीहरू इन्सेक केन्द्रीय कार्यालय, कार्यक्रम शाखामा उक्त कार्यक्रम सम्पन्न भएको लगत्तै प्राप्त हुने गरी पठाउनु हुन अनुरोध गरिन्छ।

ढिलो गरी प्राप्त हुने समाचार सामाग्रीहरू प्रकाशन गर्न हामी प्राविधिक रूपले असमर्थ हुने जानकारी समेत गराइन्छ।

**- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**


## संयोजन

नरनाथ लुइँटेल
आत्माराम शर्मा
गीता माली



*मानवअधिकार र सामाजिक न्यायको निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
पो.व.नं. : २७२६, कलंकी, स्यूचाटार, काठमाडौं
फोन : २७०७७० / २७८७७०
फ्याक्स नं.: २७०५५१


BY AIRMAIL